मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : १०० ★ ने. सं. ११४४ चौला गा, नवमी ★ बिहीबार ★ २० वैशाख, २०८१ ★ May 2, 2024, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## शोषणमा बाँच्नुभन्दा मजदुरहरूले अधिकारका लागि लड्नुपर्ने




भक्तपुर, १९ वैशाख । १३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा ख्वप मा.वि., ख्वप कलेज, शारदा क्याम्पस मा.वि. र ख्वप कलेज अफ ल को संयुक्त आयोजनामा बुधबार प्रवचन कार्यक्रम भयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख अतिथ्यमा भएको उक्त कार्यक्रममा अध्यक्ष बिजुक्छेँले हरेक घटना, परिघटना र आन्दोलनलाई आलोचनात्मक ढङ्गले हेरी विश्लेषण गर्ने क्षमता राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

संसारमा सबभन्दा पहिले मजदुर आन्दोलन भएको देश बेलायत भएको चर्चा गर्दै उहाँले शोषणमा परेर बाँच्नुभन्दा पनि अधिकारको लागि मजदुरहरू लडेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

अन्य देशको विकासको मोडेल अध्ययन गरेर देश सुहाउँदो विकासको मोडालिटी बनाउन सके सफलता मिल्ने र गल्ती कममात्र हुने धारणा अध्यक्ष बिजुक्छेँले राख्नुभयो ।

उहाँले भन्नुभयो, “हामीले अरूबाट सिक्नु आवश्यक छ; गल्ती दोहोऱ्याउनु हुँदैन; गलत कदमलाई आलोचना गर्नुपर्छ; हाम्रो दृष्टिकोण र विचार विज्ञानसम्मत भएमा एकदिन जरूर सफलतामा पुग्न सकिन्छ ।”

सबैले इमानदारीपूर्वक कर्तव्य पूरा गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले जिम्मेवार व्यक्तिहरू कुनै पनि बहानामा आफ्नो कर्तव्यबाट पन्छिन पाइँदैन भन्नुभयो ।

अध्यक्ष रोहितले भन्नुभयो, “सचेत र इमानदार नेपालीले कर्मथलो छोडेपछि नेपालमा विदेशी प्रभुत्व झन्झन् बढ्दै जानेछ । समाजवादी क्रान्ति र कम्युनिस्ट विचारबाट सचेत होला भन्ने डरले नै पुँजीपतिहरूले युवाहरूलाई विदेश पठाइरहेको हो । यसतर्फ युवाहरू सचेत हुनैपर्छ ।”

विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैङ्कलगायतका अमेरिकी साम्राज्यवादी ज्यावलहरूले विकासको नाममा ऋणको पासो विस्तार गरी कमजोर देशलाई नवउपनिवेश बनाइरहेकोतर्फ उहाँले सचेत गराउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, “देशभक्त र कर्तव्यनिष्ठ नयाँ पुस्ता तयार गर्ने जिम्मेवारी विद्यालय र कलेजको हो । विद्यार्थीले शिक्षकबाटै सिक्ने भएकोले शिक्षकहरू असल र इमानदार हुनैपर्छ ।”

शासक दलहरूले कामदार जनताको पक्षमा नभई पुँजीपतिवर्ग र शोषकवर्गको पक्षमा कानुन बनारहेको चर्चा गर्दै उहाँले भन्नुभयो, “योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त गर्ने ग्यारेन्टी संविधानमै उल्लेख गर्नु आवश्यक छ ।”

देशको आवश्यकताअनुसार विद्यालय र कलेजको पाठ्यक्रम नरहेको हुँदा पाठ्यक्रम नै परिवर्तन गर्नु आवश्यक भएको विचार अध्यक्ष बिजुक्छेँले व्यक्त गर्नुभयो ।

बाँकी पृष्ठ २ मा

## ‘कम्युनिस्ट’ नेताहरू पुँजीवादी सरकारमा गएका हुनाले नेपालको मजदुर आन्दोलन कमजोर




भक्तपुर, १९ वैशाख । नेपाल क्रान्तिकारी मजदुर सङ्घ जिल्ला समिति भक्तपुरले १३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा बुधबार ऱ्याली तथा जनसभाको आयोजना गऱ्यो ।

संसारका मजदुर एक होऔँ, बाँच्न पाउने ज्यालाको बन्दोबस्त गर, लगानी बोर्ड खारेज गर, एमसीसी सम्झौता खारेज गर, अमेरिकी साम्राज्यवाद मुर्दावाद, सन् १९५० को सन्धि खारेज गर, देशघाती नागरिकता खारेज गर, सुन तस्करहरूलाई पक्राउ गर, रासायनिक मल व्यवस्था गर, नेपाल क्रान्तिकारी मजदुर सङ्घ जिन्दावाद आदि नाराका साथ च्याम्हासिंहबाट सुरु भएको ऱ्याली नगर परिक्रमापछि नासमनामा पुगी जनसभामा परिणत भएको थियो ।

जनसभामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले वर्ग रहेसम्म वर्गीय मजदुर आन्दोलन भइरहने विचार व्यक्त गर्दै मजदुरवर्गको प्रतिनिधित्व गर्ने कम्युनिस्ट पार्टीको सरकार नआएसम्म देश, जनता र मजदुरहरूको हित हुनेछैन भन्नुभयो ।

लेनिनवादी नीतिअनुसार कम्युनिस्टहरू पुँजीपतिवर्गको सरकारमा जान नहुने प्रस्ट पार्दै उहाँले आफूलाई कम्युनिस्ट भनिने दलका नेताहरू पुँजीवादी सरकारमा गएकै कारण नेपालको मजदुर आन्दोलन कमजोर भएको बताउनुभयो ।

देशघाती सम्झौताले हाम्रो देश हाम्रो नहुने हुँदा देशघाती सरकार र पार्टीको विरोध गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले भन्नुभयो, “नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खा भर्ती, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि, अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता, जन्मको आधारमा नेपाली नागरिकता लिएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने नागरिकता ऐन खारेज गर्नुपर्छ ।”

युवाहरूलाई आफ्नै देशमा काम गर्न नदिइएसम्म देश विकास नहुने उल्लेख गर्दै सचिव सुवालले विदेशी लगानीकर्ताहरूले यहाँका उद्योगधन्दामा लगानी गरे आफ्नो पुँजी संरक्षण गर्न विदेशी सेना आउने धेरै सम्भावना भएको हुँदा यसले देश नयाँ उपनिवेश बन्ने हुँदा सबै सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

देशका उद्योगधन्दाहरू चलाउन स्वदेशी पुँजी लगानी गर्न जोड दिनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले विदेशी लगानीले नेपाली जनतालाई शोषण गर्ने र देशलाई उपनिवेश बनाउने विदेशी लगानी आवश्यक छैन भन्नुभयो ।

युक्रेन-रुस युद्ध र इजरायल-प्यालेस्टिन युद्धमा साम्राज्यवादी देश संयुक्त राज्य अमेरिकाले हतियार बेचेर नाफा कुम्ल्याइरहेको र विश्वमा आतङ्क मच्चाइ शान्ति बिथोलिरहेको चर्चा गर्दै उहाँले रुस-युक्रेन युद्धमा नेपालले युक्रेनको समर्थन गरेर देशको असंलग्न नीति र पञ्चशीलको सिद्धान्त उल्लङ्घन गरी देशविरोधी काम गरेको चर्चा गर्नुभयो ।

भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको विरोध गर्नुपर्नेमा जोड दिँदै सचिव सुवालले काठमाडौँको सेवा सुविधा देशका सबै जिल्लामा पुऱ्याएर सन्तुलित विकास गर्नुपर्ने खाँचो औँल्याउनुभयो ।

देशको राजधानी दाङमा सारेर काठमाडौँ उपत्यकालाई सांस्कृतिक केन्द्र बनाउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले सिंहदरबार भ्रष्टाचारको अखडा बनिरहेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

शासक दलका नेताहरूले भ्रष्टाचारी र अपराधीहरूको पनि भागबन्डा गरी संरक्षण गरिरहेको उल्लेख गर्दै उहाँले मजदुरवर्ग या सच्चा कम्युनिस्ट पार्टीले जनतालाई धोका दिँदैन; मजदुरवर्गविरोधी दलले देश र जनताको हित गर्दैन भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष सृजना सैंजुले किसान र मजदुरहरूको देशमा सरकार र राज्य भएको अनुभूति दिन नसकेको उल्लेख गर्दै श्रमको मूल्य र रोजगार नपाएर हजारौँ हजार युवा-मजदुरहरू बिदेसिन बाध्य भइरहेको उल्लेख गर्नुभयो । देशका ८० लाख युवा मजदुरहरू विदेशमा सस्तो ज्यामी बन्न बाध्य भइरहेको चर्चा गर्दै उहाँले भन्नुभयो, “श्रमिक महिलाहरूको स्थिति त झन् डरलाग्दो छ; देशलाई खोक्रो बनाउने, देशलाई बर्बाद बनाउन शासकहरूले गलत कार्य गरे ।”

देशको मजदुर आन्दोलन शिथिल बनाउन नै सरकारले विदेशमा युवाहरू पठाउन गलत कार्य गरिरहेको उल्लेख गर्दै उहाँले मजदुरहरूको बिछोड या पीडालाई रेमिट्यान्सले समाधान नगर्ने बताउनुभयो ।

नेपाली मजदुर र युवाहरू विदेश पठाएर भारतीय मजदुर देशमा भित्र्याउने सरकारको गलत नीतिको निन्दा गर्दै उहाँले देशको अर्थतन्त्र परनिर्भर र भारतनिर्भर भइरहेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, “बेरोजगारी समस्या बढेको छ । श्रम बजारमा भारतीय एकाधिकार कायम छ । देशको परनिर्भरता नै यहाँको दुःख र गरिबी हो । देश र जनताको आवश्यकताअनुसार उद्योग खोलेर आधारभूत आवश्यकता पूर्ति नभएसम्म देश विकास सम्भव छैन ।”

अरु देशसँग भिख मागेर देशको विकास भएको इतिहास छैन; देशको

बाँकी पृष्ठ ८ मा

### उठ जाग सारा नेपाली

उठ जाग सारा नेपाली, एकजुट भई उठौँ,
सर्वस्व हरण गर्ने, जालो च्यात्न उठौँ ।
अबेर भयो हेर, अबेर भयो हेर,
शत्रु को हो, मित्र को हो, चिन्नलाई उठौँ ।
अबेर भयो अबेर, बखत चिनेर उठौँ,
एमसीसी नेपालीको काल हो, सङ्घर्ष गर्न उठौँ ।
संसारको मालिक बन्न, एसिया कब्जा गर्ने,
साम्राज्यवादी अमेरिकाको, चाल बुझेर उठौँ ।
युक्रेनमा आगो लगाई युद्धको बीउ रोप्ने,
विश्व इतिहासको पृष्ठ पल्टाई यही बेला उठौँ ।
अफगानिस्तान इराक, लिबियाझैँ ध्वस्त पार्ने,
एसियाली नाटोविरोधी, एकजुट भई उठौँ ।
सिक्किम फिजीझैँ काखमा राखी गल्ला रेट्ने,
हेर्न नचाहने नेपाली भई बाच्न उठौँ ।
उठ जाग सारा नेपाली, एकजुट भइ उठौँ,
सर्वस्व हरण गर्ने, जालो च्यात्न उठौँ ।

***पासा पुचः समूह, भनपा ९ द्वारा ‘जनसभामा गाइएको गीत***

## काठमाडौँमा मजदुर भेला

काठमाडौँ, १९ वैशाख । नेपाल क्रान्तिकारी मजदुर सङ्घ काठमाडौँ जिल्ला समितिको आयोजनामा बुधबार काठमाडौँमा मजदुरहरूको भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नारायण महर्जनले १३५ औँ अन्तर्राष्ट्रिय मजदुर दिवसको महत्त्वबारे स्पष्ट पार्दै मजदुरहरू मार्क्सवाद, लेनिनवाद र माओविचारधाराबाट सुसूचित हुनुपर्ने बताउनुभयो ।

समाजवादी व्यवस्था स्थापना नभएसम्म मजदुरहरूको जीवन सुनिश्चित हुनेछैन, उहाँले भन्नुभयो ।

कार्यक्रममा एन. श्रेष्ठले रुसको जारशाही व्यवस्थाविरूद्धको ‘डिसेम्बर विद्रोह’ पुस्तकबारे चर्चा गर्दै जारको विरुद्ध रुसी खानदानीवर्गले सङ्घर्ष गरेको बताउनुभयो ।

# भक्तपुरमा अन्तर्राष्ट्रिय श्रमिक दिवस (मे-१) का केही झलक







तस्बिर : दिनेश / मिलन






## हार्दिक श्रद्धाञ्जली



**बुद्धलक्ष्मी वैद्य**

जन्म : २०१९/०४/०५ निधन : २०८१/०१/१४

हाम्रा आत्मीय मित्र गंगालक्ष्मी वैद्यकी ममतामयी आमा **बुद्धलक्ष्मी वैद्य**को असामयिक निधन भएको आज सातौँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

सुलोचना छ्वाजु
कान्छीप्यारी राजचल
विनोद वि.क.
शिवराम अवाल
चण्डेश्वरी कोजु
उमा भट्ट
अशोकराम कोजु
बालकृष्ण बनमाला

रविना कुस्मा
संगीता बोहजु
शर्मिला हेङगोजू
विकास तमखु
रमेश वाइजु
स्मृति भट्ट
रीना कुस्मा

लक्ष्मीप्रसाद चवाल
लक्ष्मीशोभा गाईजु
कृष्णश्वरी दुवाल
निरज लवजु
नरेश खत्री
रमेश सुवाल
सृजना सैंजु
रमेश प्रजापति

## वागीश्वरी कलेजमा छुट्टाछुट्टै कार्यशाला गोष्ठी

भक्तपुर, १९ वैशाख । वागीश्वरी कलेजको आयोजनामा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूमाझ दुई छुट्टाछुट्टै कार्यशाला सम्पन्न भएको छ ।

वाग्मती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालयको सहयोगमा व्यवस्थापन सङ्काय स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूमाझ प्राइमरी डाटा कलेक्सन कार्यशाला गोष्ठी सम्पन्न हुनुका साथै मानविकी सङ्काय स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूका लागि जलवायु परिवर्तनको रोकथाममा युवाको भूमिकासम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भएको हो ।

कार्यक्रममा वागीश्वरी कलेजका संयोजक ज्ञानसागर प्रजापतिले कार्यशाला गोष्ठीले बौद्धिक ज्ञान निर्माणका साथै क्षमता अभिवृद्धिमा मद्दत पुऱ्याउने बताउँदै विश्वविद्यालयका विद्यार्थीहरू ज्ञान आर्जनमा मात्र सीमित नभई ज्ञान उत्पादनमा पनि अग्रसर रहनुपर्ने बताउनुभयो ।

वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले किताबी ज्ञानका साथसाथै यस्ता कार्यशाला गोष्ठीले विद्यार्थीहरूलाई सामाजिक वातावरणमा सजिलै घुलमिल भई काम गर्न सक्षम बनाउने बताउनुभयो ।

वाग्मती प्रदेश सरकारको सहयोगमा सञ्चालन भएको प्राइमरी डाटा कलेक्सन कार्यशाला गोष्ठीका स्रोतव्यक्ति उप प्रा.डा. बलराम दुवाल र उप प्रा.डा. किशोर हाकुदुवाल रहनुभएको छ ।

वागीश्वरी कलेजको आयोजनामा भएको विद्यार्थीहरूका लागि जलवायु परिवर्तनमा युवाको भूमिका कार्यशाला गोष्ठीमा प्रशिक्षकहरू सागर कोइराला, प्रतिशा जोशी, दीक्षा सुवेदी र कुशल निरौला रहनुभएको छ ।

कार्यक्रममा वागीश्वरी अनुसन्धान समितिका संयोजक सिद्धिवीर कर्माचार्य, वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले पनि बोल्नुभएको थियो ।

स्रोतव्यक्ति तथा प्रशिक्षकहरूलाई वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले मायाको चिनो प्रदान गरी प्रशिक्षार्थी विद्यार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

**शोषणमा.....**

कार्यक्रमका सभापति, भक्तपुर नगरपालिकाका प्रमुख एवं विद्यालय/कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले मार्क्स-एङ्गेल्सले सन् १८४८ मा 'कम्युनिस्ट घोषणपत्र' प्रकाशित गरेदेखि नै संसारमा परिवर्तनको नयाँ तरङ्ग सृजना भएको बताउनुभयो ।

समाज विकासको क्रम वर्गसङ्घर्षबाट अगाडि बढ्दै गएकोले शान्तिपूर्ण आन्दोलनबाट आमूल परिवर्तन हुननसक्ने र मजदुरवर्गको शासन व्यवस्था स्थापना हुन नसक्ने भएकोले सशस्त्र क्रान्तिबाट नै मजदुरवर्गले सत्ता कब्जा गर्नुपर्ने बाटो मार्क्सवादले देखाएको उहाँले स्पष्ट पार्नुभयो ।

पेरिस क्रान्तिको असफलताबाट पाठ लिएर लेनिनको नेतृत्वमा सन् १९१७ मा भएको अक्टोबर समाजवादी क्रान्ति सफलतामा पुगेको चर्चा गर्दै प्रमुख प्रजापतिले अक्टोबर समाजवादी क्रान्तिले मजदुर-किसानवर्गले पनि व्यवस्थितरूपमा शासन सञ्चालन गर्नसक्छ भन्ने संसारलाई नयाँ दिशानिर्देश गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "राजनीति देश र जनताको इमानदारी र निःस्वार्थपूर्वक सेवा गर्न हो । राजनीति गर्नु गलत होइन बरू राजनीति गर्ने नेता गलत भएकैले देश र कामदार जनताले दु:ख भोग्नुपरेका हुन् । शिक्षकले राजनीति गर्नुहुन्न भन्नुको औचित्य छैन ।"

सहकारी संस्था र बैङ्कमा रहेको अरबौं रकमलाई उत्पादनशील क्षेत्रमा लगानी नगरी विदेशी लगानीलाई भित्र्याउने नीतिले देशलाई परनिर्भर बनाउने कुरा प्रमुख प्रजापतिले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुर नगरपालिकाबाट सञ्चालित शैक्षिक संस्थाहरू प्रगतिशील विचारबाट प्रेरित भई स्थापना भएको हुँदा कार्यरत शिक्षक/कर्मचारीहरूले समाज रूपान्तरणको लागि इमानदारीपूर्वक योगदान गर्नुपर्छ ।"

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले व्यक्तिगत हितभन्दा सामाजिक हितलाई प्राथमिकता दिने उद्देश्यले सञ्चालित संस्थामा काम गर्न पाउनुलाई अवसरको रूपमा लिनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "सकारात्मक सोच, सामूहिक हित र असल व्यवहारले सफलतामा पुऱ्याउँछ; नकारात्मक सोचले असफलतामा पुऱ्याउँछ ।"

ख्वप कलेज अफ ल का प्राचार्य अनिता जधारीले अन्तर्राष्ट्रिय श्रमिक दिवसको पृष्ठभूमिबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा ख्वप मा.वि.का प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य र शिक्षिका सुनिता गाइसीले पनि बोल्नुभएको थियो ।

# वागीश्वरीमा अन्तर्राष्ट्रिय श्रमिक दिवस

भक्तपुर, १९ वैशाख । विश्वका शोषितपीडित र अन्यायमा परिरहेका श्रमिकहरूको हकहितको सवालमा अन्तर्राष्ट्रिय मई दिवस मनाइरहेको बेला वागीश्वरी विद्यालयले पनि १३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसमा प्रवचन कार्यक्रम गऱ्यो ।




नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष जिल्लाध्यक्ष गणेशराम थुसाले सन् १८८६ मा सिकागोमा संरा अमेरिकाका श्रमिक मजदुरहरूले ज्यानको बाजी राखेर सङ्घर्ष नगरेका भए आज मजदुर श्रमिकहरूले दैनिक ८ घण्टा काम र त्यसअनुसारको सेवा सुविधा प्राप्त हुने थिएन भन्नुभयो । अधिकार र सुविधा पाउन सङ्घर्ष र आन्दोलन नै एक विकल्प भएको विचार व्यक्त गर्दै उहाँले विगतमा हाम्रा अग्रज शिक्षक, प्राध्यापकहरू नेक्राशिसिङ्घका अग्रजहरूले आन्दोलन गरेर नै आज हामीले सञ्चयकोषलगायतका विभिन्न सेवा सुविधाको फल पाएको हो भन्नुभयो ।

उहाँले राजनीति व्यापार होइन, देश र जनताको निःस्वार्थ सेवा गर्न हो; वर्तमान शासक दलहरूले राजनीतिलाई पैसा कमाउने पेसा बनाएको विचार, सिद्धान्त छोडेर पद र सुविधाको लागि कुकुर झगडा गरेको हुँदा राजनीतिप्रति जनताको वितृष्णा बढेको हो भन्नुभयो ।

नेपाल प्राध्यापक समाज वागीश्वरी एकाइ समितिका अध्यक्ष ज्ञाहेन्द्रप्रसाद दाहालले शिक्षक, प्राध्यापक पनि बौद्धिक श्रमिक भएको हुँदा अन्तर्राष्ट्रिय श्रमिक दिवसलगायत अन्य समसामयिक राजनीतिक तथा शैक्षिक कार्यक्रमहरूमा सक्रिय सहभागी हुनु आवश्यक छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ वागीश्वरी एकाइका प्रतिनिधि एवम् शिक्षक राजन लाखाले हिजो अमेरिकाका मजदुरहरूले सिकागोमा आन्दोलन र सङ्घर्ष नगरेका भए आजको अमेरिका हुने थिएन भन्नुभयो । शिक्षक तथा प्राध्यापक बौद्धिक श्रमिक मजदुर भएको हुँदा श्रमिकवर्गका हितमा श्रमिक दिवस मनाउनु आवश्यक रहेको उल्लेख गर्दै उहाँले देश र जनताको सेवा गर्न देश बनाउन देशभक्ति राजनीति गर्नुपर्छ भन्नुभयो ।

उक्त प्रवचन कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले मजदुरहरूको आन्दोलनले विश्वका श्रमिक कामदारवर्गको सेवा सुविधा पाएको बताउनुभयो ।

श्रमिकवर्गले रगत र पसिनाबाट देश र विश्वको निर्माण भइरहेको चर्चा गर्दै अग्रज शिक्षकहरूको नेतृत्व, सल्लाह र सहयोगले नै आज विद्यालय यो अवस्थामा पुगेको छ भन्नुभयो । शिक्षक तथा कर्मचारीले व्यक्तिगत स्वार्थमात्र हेरेका भए विद्यालयले प्रगति गर्न नसक्ने विचार व्यक्त गर्दै उहाँले स्कूल र कलेज बनाउन हामीले सहयोगको कञ्जुस्याइँ गर्नुहुँदैन भन्नुभयो ।

शिक्षक - प्राध्यापकले श्रमलाई माया र सम्मान गर्न, देशको रक्षा गर्न विद्यार्थीलाई सचेत गर्नुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो ।

प्रधानाध्यापक कृष्णप्रसाद धन्छाको सभापतित्वमा सम्पन्न उक्त प्रवचन कार्यक्रममा शिक्षकहरू विश्वेश्वर मानन्धर, तुल्सीराम प्रजापति र रामलक्ष्मी कोजुले पनि बोल्नुभएको थियो ।

# १३५ औँ श्रमिक दिवसमा
# कमलविनायक साकोसद्वारा रक्तदान



भक्तपुर, १९ वैशाख । कमलविनायक बचत तथा ऋण सहकारी संस्थाको शिक्षा तथा स्वास्थ्य उपसमितिद्वारा १३५ औँ श्रमिक मजदुर दिवसको अवसरमा बुधबार सरस्वती विद्यागृह माविको प्राङ्गणमा रक्तदान कार्यक्रम भयो ।

संस्थाका सचिव एवं शिक्षा तथा स्वास्थ्य उपसमिति संयोजक लक्ष्मीप्रसाद चवालले संसारमा बौद्धिक र शारीरिक श्रमका मजदुरहरूको आन्दोलनबाट मजदुरवर्गको स्वर्ग समाजवादी व्यवस्था स्थापना हुने बताउँदै अमेरिकी साम्राज्य टिकाउन रुस-युक्रेन युद्ध र इजरायलले जातीय सफाया गर्न प्यालेस्टिनमा नरसंहार गरिरहेको बताउनुभयो ।

शिक्षा तथा स्वास्थ्य उपसमितिको आयोजनामा भएको उक्त रक्तदान कार्यक्रममा महिला ७ जना र पुरुष ४१ गरी जम्मा ४८ जनाले रक्तदान गरेका थिए ।

उक्त कार्यक्रम भक्तपुर रेडक्रस सोसाइटीको प्राविधिक सहयोगमा सम्पन्न भएको हो ।

# वडा नं. ५ मा पाठेघरको मुखको परीक्षण

भक्तपुर, १९ वैशाख । भनपा वडा नं. ५ को आयोजना तथा ख्वप अस्पतालको प्राविधिक सहयोगमा पाठेघरको मुखको परीक्षण (एलबीसी जाँच) तथा स्तन परीक्षण र रक्तअल्पता जाँच कार्यक्रम बुधबार भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको चर्चा गर्दै महिलाहरूको स्वास्थ्य स्थिति जटिल हुन नदिनेतर्फ सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा समाजसेवी पूर्णगोपाल राजचलले नेपाल मजदुर किसान पार्टीले शिक्षा र स्वास्थ्य क्षेत्रमा आफ्नो घोपणापत्रअनुसार कार्य गरिरहेको बताउँदै शिविरको पूर्ण सफलताको कामना गर्नुभयो ।

कार्यपालिका सदस्य एवं ५ नं. वडाका वडा सदस्य कृष्णप्यारी भुजुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा वडा सदस्य रीता फसिकवा, डा. ओसिन छुस्याकीलगायतले कार्यक्रमको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो ।

शिविरवाट १७० जना महिलाहरूले आफ्नो स्वास्थ्य जाँच गरेका थिए ।

# भक्तपुरमा इनार खन्ने क्रममा दुई जनाको मृत्यु

भक्तपुर, १९ वैशाख । भक्तपुरको चाँगुनारायण नगरपालिका वडा नं-४ खनालचोकमा रहेको सेतोमाइक्रो पार्क नजिकै इनार खन्ने क्रममा बुधबार दुई पुरुषको मृत्यु भएको छ ।

सोही पार्क नजिकै दुई वर्षदेखि टहरो बनाई बस्दै आएका रामेछाप उमाकुण्ड गाउँपालिका वडा नं-४ प्रिती घर भएका २८ वर्षीय सन्देश सुनुवार र उनका काका सोही स्थान बस्ने ४६ वर्षीय दिपक सुनुवारको मृत्यु भएको प्रहरीले जनाएको छ ।

आफूहरू बसेको जग्गामा इनार खन्ने क्रममा अन्दाजी ५५ फिट तल पुग्दा ग्यास निस्केको र सोपछि उनीहरू अचेत अवस्थामा छ भन्ने खबर प्रहरीलाई आएको जिल्ला प्रहरी परिसर भक्तपुरका सूचना अधिकृत राजन कार्कीले जानकारी दिनुभयो ।

खबर प्राप्त हुनसाथ तत्कालै विपद् व्यवस्थापन महाशाखा काठमाडौँबाट २५ जना, जिल्ला परिसर भक्तपुरबाट ३० जनाको प्रहरी टोली, सशस्त्र प्रहरी बलबाट ९ जनाको प्रहरी टोली र आरएनएका १६ जना उद्धारकर्मीको टोली खटिई निजहरूलाई उद्धार गरिएको परिसरका सूचना अधिकृत कार्कीले जनाउनुभयो ।

उद्धारपछि उपचारको लागि भक्तपुर अस्पताल लगिएकोमा उपचारकै क्रममा दुवै जनाको मृत्यु भएको उनले बताउनुभयो ।

घटनाको सम्बन्धमा थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी परिसर भक्तपुरले जनाएको छ ।


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## गुँला बाजा प्रतियोगितासम्बन्धी सूचना

सांस्कृतिक विधाहरूको संरक्षण संवर्द्धन गर्नुका साथै नागरिकहरूमा रहेको सीप उजागर गर्न भक्तपुर नगरपालिकाको आयोजनामा खुला गुँला बाजा प्रतियोगिता मिति २०८१ वैशाख २२ गते, शनिबार निम्न समय र स्थानबाट ऱ्याली सुरु हुने र निम्न समय र स्थानमा स्थलगत मूल्याङ्कन हुने भएको हुँदा सहभागी सांस्कृतिक समूहहरू तथा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सांस्कृतिक ऱ्याली | स्थलगत मूल्याङ्कन |
|---|---|
| सुरु हुने स्थान: टौमढी, भ.न.पा. ५ | स्थान : भ.न.पा.१, भार्वाचो (कुथुवही) |
| समय: बिहान ११:०० बजे | समय : बिहान ११:३० बजे |

**प्रतियोगितामा सहभागी टोलीहरूले पालना गर्नुपर्ने नियमहरू:**

१. प्रतियोगितामा सहभागी हुन चाहने टोलीले नगरपालिकाको प्रशासन शाखा वा वडा कार्यालयहरूमा दर्ता शुल्क प्रतिटोली रु. १००।- तिरी निर्धारित फाराममा सहभागी सदस्यहरूको फोटोसहित विवरण भरी दर्ता गर्नुपर्नेछ । अनलाइन फाराम दर्ताको लागि www.bhaktapurmun.gov.np मा हेर्नुहोला ।
२. प्रतियोगिता २०८१ वैशाख २२ गते, शनिबार सञ्चालन हुनेछ ।
३. प्रत्येक टोलीले नगरपालिकाद्वारा निर्धारित नगर परिक्रमाको रुटमा बाजा बजाएर घुम्नुपर्नेछ । नगर परिक्रमाको समेत मूल्याङ्कन गरिनेछ । नगर परिक्रमाको लागि १० अङ्क भार हुनेछ ।
४. टोलीबिच ३०-५० मिटर फरकमा नगर परिक्रमा गर्नुपर्नेछ ।
५. नगर परिक्रमाको क्रममा टोलीमा धेरै जना सहभागी हुनसक्नेछन् तर मूल्याङ्कन स्थलमा भने प्रतिटोली बढीमा १६ जनामात्र हुनुपर्नेछ, जसमा धाँ बाजा बढीमा ६ जना, नाय खिँ बाजा १ जना र अन्य गीत बजाउने वा गाउने, भुछ्या/सिछ्या/तँ/बाँसुरी/म्वालीँ/ङख/कनाथलगायतका बाजा बजाउने वाद्यवादकहरू हुनुपर्नेछ ।
६. मञ्चमा समयमै उपस्थित हुनुपर्नेछ ।
७. बाजा बजाउँदा गीतको बोल परम्परागत नेवारी लोक धुन हुनुपर्नेछ ।
८. टोलीको प्रस्तुति पालो गोलाप्रथाद्वारा निर्धारण गरिनेछ ।
९. मूल्याकङ्न स्थलमा प्रत्येक टोलीलाई १० मिनेटको समय दिइनेछ । ८ मिनेटमा जनाउ सङ्केतस्वरुप झन्डा उठाइनेछ भने निर्धारित १० मिनेटभित्र बाजा टुङ्ग्याउनुपर्नेछ ।
१०. मञ्चमा द्यो ल्हाय् गर्न पाइने छैन ।
११. प्रतियोगितामा देहायबमोजिम विभिन्न बुँदाहरूमा मूल्याकङ्न गरिनेछ :

| क्र.सं. | मूल्याङ्कन विवरण | मूल्याङ्कन अङ्कभार |
|---|---|---|
| क. | धुन, बोल र ताल | ३० |
| ख. | समयको परिपालना | ५ |
| ग. | अनुशासन | ५ |
| घ. | हाउभाउ | १० |
| ङ. | भेषभूषा | १० |
| च. | प्रस्टता | २० |
| छ. | दर्शकको ध्यानाकर्षण | १० |

१२. प्रतियोगितामा उत्कृष्ट समूहहरूलाई देहायबमोजिम पुरस्कार वितरण सोही दिन हुनेछ ।

**प्रथम पुरस्कार** - नगद रु. ४०,०००।– का साथै वाद्यवादनका सामग्री
**द्वितीय पुरस्कार** - नगद रु. ३०,०००।– का साथै वाद्यवादनका सामग्री
**तृतीय पुरस्कार** - नगद रु. २५,०००।– का साथै वाद्यवादनका सामग्री
**सान्त्वना पुरस्कार** - नगद रु. २०,०००।- का साथै वाद्यवादनका सामग्री (दुई वटा समूहसम्म)

१३. सहभागी प्रत्येक टोलीलाई खाजा खर्चबापत रु. ५०००।– उपलब्ध गराउनेछ ।
१४. प्रतियोगितासम्बन्धी कुनै विवाद उठेमा निर्णायकहरूको राय सल्लाह लिइनेछ र नगरपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८१ वैशाख २२ गते भनपा-१, भार्वाचो (कुथुवही) मा हुने खुला गुँला बाजा प्रतियोगितामा सहभागी समूहहरूको गोलाप्रथाबाट रोल क्रम यस प्रकार रहेको छ ।

| क्र.सं. | सहभागी समूह | ठेगाना |
|---|---|---|
| १ | श्री विश्वकर्मा गुँला बाजँ खल: | क्वाठण्डौ, भ.न.पा १० |
| २ | चारुमती गुँला बाजँ खल: | चाबही येँ |
| ३ | चस्वांद्व मानन्धर सना:गू खल: | चस्वांद्व येँ , वडा नं. १९ |
| ४ | क्वनेया गुँला बाजँ सञ्चालन तथा व्यवस्थापन समिति | तेखाचो भ.न.पा. ३ |
| ५ | सा: क्वलाँ गुँला धलं ङक नौ बाजा | साकोलान भ.न.पा. ९ |
| ६ | सिद्धार्थ धाँ बाजँ खल: | गोदावरी नपा १४, वाडे गाउँ |
| ७ | असं बाजँ गुथि | असन, कामनपा |
| ८ | केशचन्द्र गुँला बाजँ खल: | इतुंबहा: येँ, वडा नं. २४ |
| ९ | सक्व बज्राचार्य संघ | शंखरापुर, साँखु |
| १० | वाँख्यो दाफा भजन खल: | बनेपा न.पा. वडा नं. ८ |
| ११ | हिरण्य वर्ण महाविहार दाफा भजन खल: | यल: नागबहाल |
| १२ | न्याग: मणी फेदि मानन्धर गुठी | न्हुती, बालाजु |
| १३ | श्री छत्रपाल महाभैरव मंका खल: | महालक्ष्मी न.पा, वडा नं. ८ लुभू |
| १४ | प्रजापति गुँला बाजा | मध्यपुर थिमि |
| १५ | ॐ बहा: गुँला बाजँ खल: | ओमवहा: येँ, वडा नं. २३ |
| १६ | लायकूसा: मानन्धर समाज | झोछेँ , कामनपा २९ |
| १७ | दिपङ्कर गुँला बाजा खल: भोँट | बनेपा न.पा. वडा नं. ७ |
| १८ | जय बागेश्वरी धाँ बाजा खल: | जयबागेश्वरी येँ वडा नं. ८ |
| १९ | जनवहा: गुँला बाजं, कसा त:धँ गुथि | कसा: ख्य:, डल्लु |
| २० | ङत तुलाधर गुँला बाजं खल: | बुराँख्यो येँ, नरदेवी |
| २१ | पन्ति गुँला बाजँ खल: | पनौती |
| २२ | थिमि गुँला बाजा खल: | म.थि.न.पा वडा नं. ५ |
| २३ | इन्द्रवर्ण (बर्त) महाविहार गुँला बाजा खल: | इनाचो, भ.न.पा. ७ |
| २४ | पाक्व पुखुद्याँ मानन्धर सना: खल: | पाको येँ, वडा नं. २२ |
| २५ | थँ हिति मानन्धर गुथि | थहिटी कामनपा १७ |
| २६ | अतिथि प्रस्तुति: सनस्टार धाँ बाजा खल: | चिथु–१०, ललितपुर |

**। सम्पादकीय ।**

# पुँजीवादी दलका एजेन्टहरूबाट मजदुरहरू सचेत होऔँ !

संयुक्त राज्य अमेरिका आज संसारको सबभन्दा क्रूर र आक्रमक शासकहरूको राज्यको रूपमा एसिया, अफ्रिका, ल्याटिन अमेरिका र टापु देशका जनतालाई थाहा भएकै विषय हो। तर, इतिहासको एक कालखण्डमा बेलायती साम्राज्यवाद र उपनिवेशवादको विरोधमा सशस्त्र सङ्घर्ष गरेर स्वतन्त्र राज्यको रूपमा सफल भएको देश पनि संरा अमेरिका नै हो। बेलायती उपनिवेशवादीहरूको विरोधमा गरेको त्यो रक्ताम्य लडाइँमा फ्रान्सेली र अन्य युरोपेली देशहरू र क्रान्तिकारीहरूले पनि स्वयम्सेवक भई लडाइँको मोर्चामा सहयोग गरेका थिए।

तर, पुँजीवादको विकासले त्यस राज्यका नेताहरू दास मालिक र पुँजीपतिवर्ग साह्रै अन्यायी र अत्याचारी बन्न पुगे। फलस्वरूप त्यहाँको संविधान पनि दास मालिक र पुँजीपतिवर्गको हर प्रकारका शोषकहरूको पक्षको एक दस्तावेज बन्यो।

राम्रो उद्देश्यको निम्ति सुरु भएको 'अमेरिकी स्वतन्त्रता आन्दोलन' पछि दास मालिक र पुँजीपतिवर्गको 'स्वर्ग' बन्यो। त्यहाँका अफ्रिकी दासहरू कपास खेती र अन्य कार्यमा बिहानदेखि बेलुकीसम्म काम गर्थे। राम्रो खानेकुराको अभाव र आराम एवम् व्यवस्थित बसोबास नहुँदा तिनीहरूको सालाखाला आयु २७ वर्षको थियो। रोग, भोक र यातनाले ती कामदार मजदुर र किसानहरू अत्यन्त कष्टकर जीवन बिताउन बाध्य थिए। आत्महत्याको दर पनि कम थिएन।

कलकारखाना, उद्योगधन्दा र व्यापारको पनि वृद्धि हुँदै गयो। शोषण पनि बढ्दै थियो। सहरहरूको विकास हुँदै थियो, गाउँ खाली हुँदै किसानहरू सहरमा आएर काम गर्न बाध्य थिए। १४०-५० वर्षदेखि अमेरिकी मजदुरवर्ग ज्यामीहरू साह्रै शोषित र पीडित भए। त्यसको विरोधमा मजदुरहरू पनि सहर सहर र जिल्ला जिल्लामा सङ्गठित हुँदै गए। विभिन्न जिल्ला र सहरहरूमा मजदुरहरू पुँजीपतिवर्गको विरोधमा सङ्गठित भएर उठ्न थाले। आखिर गरिब जनताकै छोराछोरी प्रहरी, सिपाही पुँजीवादी सरकारका कर्मचारी हुन्छन्। तिनीहरूलाई नै मजदुर आन्दोलन दबाउन प्रयोग गर्छन्। कतै कतै सेना र प्रहरीसमेत मजदुर-किसानहरूसँग मिल्न जान्छन्। सरकारले थप सेना र प्रहरी पठाएर चर्को हत्या र हिंसा गर्छ।

१ मईको दिन अमेरिकाको सिकागो सहरमा ठुलै विरोध प्रदर्शन र जनसभाको तयारी भयो। सरकारले जुलुस र जनसभा गरेमा गोली चलाउने धम्की दियो। मजदुरहरू धम्कीको अगाडि झुकेनन् र उनीहरूको ठुलो विरोध प्रदर्शन भयो। ८ घण्टाको काम र उचित ज्यालाको माग भयो।

वर्ग शत्रु र सरकारले मजदुरहरूको जुलुसभित्र सरकारी गुप्तचरहरू घुसाएका थिए। तिनीहरूले प्रहरीमाथि ढुङ्गा र बम हाने। २-४ जना प्रहरी हताहत भए। त्यही निहुँमा सरकारले मजदुरहरूमाथि गोली चलाउने आदेश दियो। गोली चलाउँदा धेरै मजदुरहरू मारिए र कैयौँ घाइते भए। धेरै मजदुर नेताहरू पक्राउ परे तथा नेताहरूमाथि झूटा मुद्दा चलाएर ज्यान सजाय दिइयो। ती नेताहरूले अदालतमा आफूहरू निर्दोष भएको बताए। तैपनि ती नेताहरूलाई पुँजीवादी अदालतले ज्यान सजाय दियो।

पछि थाहा भयो, प्रहरीमाथि ढुङ्गा र बम फाल्नेहरू उत्तेजना फैलाउने पुलिसकै मानिस (एजेन्ट प्रोभोकेटरहरू) थिए। यसरी क्रान्तिकारी र कम्युनिस्टको लुगा र पार्टीको नाममा देश र जनतालाई विश्वासघात गर्ने नेता, पार्टी र कार्यकर्ताहरू 'एजेन्ट प्रोभोकेटर' वा 'उत्तेजना फैलाउने' प्रहरीकै वा सरकारकै मानिस हुन्छन्। आज ती राजनैतिक दलहरूलाई 'रातो झन्डाको विरोध गर्न रातो झन्डा हल्लाउनेहरू' भनिन्छ। कामदार जनता, कम्युनिस्ट, समाजवाद र मजदुर भनिने राजनैतिक दलहरू सरकारमा गएर कामदारवर्गको हितमा काम नगर्ने सरकारका मन्त्रीहरूलाई अहिले 'पुँजीवादी पार्टीका दलाल' वा 'जनतालाई दबाउने र विश्वासघात गर्ने पुँजीपतिवर्गकै एजेन्ट' भनिन्छ। यसकारण, निर्वाचनमा कामदार र गरिब जनतालाई विश्वासघात गर्नेहरू जनताका वर्ग शत्रु हुन्। आजको सन्दर्भमा यो नै मई दिवसको सन्देश हो।

# चीनलाई घेर्दै एसियाली 'नेटो'

**✍ फियोना एडवर्ड्स**

यो महिना भएका नयाँ घोषणाहरूबाट संरा अमेरिकाले चीनवरपर एसिया-प्रशान्त तथा अन्य सागरमा सैन्य हस्तक्षेप तीव्र पार्ने मनसाय स्पष्ट भएको छ।

संरा अमेरिका, बेलायत र अस्ट्रेलियाका रक्षामन्त्रीहरूले २०२४ अप्रिल ८ मा पहिलो घोषणा गरे। त्यसबाट सैनिक गठबन्धन अकसले आफूलाई विस्तार गर्न चाहेको प्रकट भएको छ। यसको लागि उसले चीनविरोधी गठबन्धनमा जापानलाई आमन्त्रण गर्ने योजना बनाएको छ।

यसको तीन दिनपछि वासिङ्टनको एक शिखर सम्मेलनमा अर्को घोषणा भयो। त्यसमा अमेरिकी राष्ट्रपति जो बाइडेन, जापानी प्रधानमन्त्री फुमियो किशिदा र फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियर सहभागी थिए। सम्मेलनमा नयाँ त्रिदेशीय सम्झौता भयो। सो सम्झौता अनुसार यो वर्ष दक्षिण चीन सागरमा जलसेनाको संयुक्त अभ्यास हुँदै छ।

यो घोषणा हुनुभन्दा केही दिनअघि अप्रिल ७ गते दक्षिण चीन सागरमा अमेरिका, अस्ट्रेलिया, जापान र फिलिपिन्सका जलसेनाको पहिलो संयुक्त अभ्यास भएको थियो। यसका साथै तिनले हवाई कवाज पनि खेलेका थिए।

अघिदेखि नै चीन वरिपरिको अमेरिकी सैन्य घेराबन्दी छ। पछिल्ला कदम त्यो घेराबन्दीलाई अझ कसिलो बनाउने, यस क्षेत्रलाई अझ अस्थिर बनाउने र चीनविरुद्ध अमेरिकाको मुठभेडको जग हाल्ने उद्देश्यले चालिएको छ।

**दक्षिण चीन सागरमा द्वन्द्व चर्काउँदै वासिङ्टन**

संरा अमेरिकाले एसिया-प्रशान्त तथा दक्षिण चीन सागरमा 'शान्ति र सुरक्षा' सुनिश्चित गर्ने धूर्त नारा दिँदै आएको छ। यही निहुँमा अमेरिकाले आफ्नो चीनविरोधी नीतिमा फिलिपिन्स र जापानलाई मनाउँदै आएको छ।

सन् २०२२ जूनमा फर्डिनान्ड मार्कोस जुनियर फिलिपिन्सका राष्ट्रपति बने। त्यसयता फिलिपिन्सको विदेश नीतिमा हेरफेर आएको छ। नयाँ सरकार पूर्वराष्ट्रपति रोड्रिगो डुतेर्तेको सरकारले अघि बढाएको तटस्थ नीतिबाट टाढिँदै छ।

फिलिपिन्सको वर्तमान सरकारको चीनविरोधी रवैया पछाडि संरा अमेरिकाको बलियो प्रभाव छ।

यो कुरा राष्ट्रपति मार्कोस जुनियरको सन् २०२३ को घोषणापछि स्पष्ट भएको थियो। उनले अमेरिकालाई फिलिपिन्समा थप चार सैनिक अखडामा पहुँच दिए र त्यहाँ अमेरिकी सैन्य अखडाको सङ्ख्या नौ पुर्‍याए।

ताइवान र दक्षिण चीनबिच अहिले थप दुई नयाँ सैन्य अखडा बनाउने भनिएको छ।

संरा अमेरिका, फिलिपिन्स र जापानबिच अप्रिल ११ मा त्रिदेशीय शिखर सम्मेलन भयो। त्यहाँ अमेरिकी रणनीतिलाई थप अघि बढाउने घोषणा गरियो। दक्षिण चीन सागरमा जलसेनाको संयुक्त अभ्यास गर्ने बताइयो। यसबाट फिलिपिन्स र चीनबिचको तनाव चर्किने निश्चित थियो।

फिलिपिन्सको विदेश नीतिमा ल्याइएको परिवर्तनको पूर्वराष्ट्रपति डुतेर्तेले कडा शब्दमा निन्दा गरेका छन्। अमेरिकाले थाल्ने चीनविरोधी सम्भावित युद्धमा आफ्नो देशलाई मोहरा बनाउन सकिने विषयमा उनले सचेत पारेका छन्।

डुतेर्तेले भने, "त्यहाँ जान, झगडाको निहुँ झिक्न र अन्त्यमा सायद युद्ध सुरु गर्न फिलिपिन्स सरकारलाई अघि धकेल्नेहरू अमेरिकीहरू हुन्। तर, मेरो विचारमा अमेरिकीहरू हाम्रो लागि मर्ने छैनन्। म अमेरिकीहरूलाई भन्छु - तिमीहरूसँग यति धेरै जहाज छन्; तिमीहरूलाई युद्ध थाल्ने 'लन्चिङ प्याड' बनाउन हाम्रै यो टापु चाहिन्न।"

यी घटनाक्रमलाई बुझ्न चीनविरुद्ध अमेरिकाको आक्रामकताको अलि फराकिलो परिप्रेक्ष्यमा राखेर हेर्नु अति आवश्यक छ। अहिल्यै चीनवरिपरि ४०० को हाराहारीमा अमेरिकी सैन्य अखडा छन्। हाल अमेरिकी विदेश नीतिको मुख्य उद्देश्य नै चीनको शान्तिपूर्ण उदयलाई रोकेर आफ्नो विश्व वर्चस्व कायम गर्नु हो। कम्तीको अर्को दशकमा पनि उसको यो नीति बदलिने छाँट देखिन्न।

संरा अमेरिकाले यी गतिविधिलाई 'रक्षात्मक' भएको र यस क्षेत्रमा 'यथास्थिति' जोगाउन लक्षित रहेको दाबी गर्छ। यी दाबी व्यवहारमा ठीक उल्टो देखिन्छन्।

दक्षिण चीन सागर अमेरिकाबाट १२ हजार किलोमिटर टाढा छ। वासिङ्टनबाट कुनै साम्राज्यवादी चलखेल नभएको खण्डमा यही दूरले यस क्षेत्रका देशहरूबिचको विवाद छलफल गरी शान्तिपूर्वक समाधान हुन सक्छ।

संरा अमेरिकाले आफूले आफैलाई संसारको 'प्रहरी' नियुक्त गरेको छ। अहिले उसले एसिया-प्रशान्तमा विभाजनको बीउ रोपेर सैन्य हस्तक्षेपमार्फत तनाव सिर्जना गर्न खोज्दै छ।

आफ्नो 'राष्ट्रिय सुरक्षा' जोगाउन दक्षिण चीन सागरमा चीनसँग आमनेसामनेको स्थितिमा जानुपर्ने अमेरिकी दाबी वाहियात छ। चीनबाट अमेरिकालाई कुनै 'खतरा' छैन। पेइचिङले अमेरिकाको क्यालिफोर्नियाको तटमा जलसेनाको अभ्यास गरेको छैन। अमेरिका वरपर कुनै चिनियाँ सैन्य अखडा छैन।

**'एसियाली नेटो' बनाउन दबाब दिँदै संरा अमेरिका**

संरा अमेरिका उत्तरी गोलार्द्धका आफ्ना साझेदारहरू पनि चीनविरुद्ध आफ्नो सैन्य तयारीमा जोडिऊन् भन्ने चाहन्छ। सन् २०२१ मा अमेरिका, बेलायत र अस्ट्रेलियाबिच भएको सैन्य गठबन्धन अकसको स्थापना यसै दिशामा महत्त्वपूर्ण पाइला थियो।

अकसले नयाँ सदस्य खोजिरहेको घोषणा हुनु अनिष्टकारी छ। यसमा मुख्यतया उहिलेको औपनिवेशिक शक्ति जापानलाई मिसाउन खोजिँदै छ।

अकसलाई विस्तार गर्ने अमेरिकी योजना 'एसियाली नेटो' बनाउने जमर्को हो भनेर धेरै विश्लेषकले चेतावनी दिएका छन्। विश्लेषकहरूले अकसले युरोपमा नेटोले जे भूमिका खेलिरहेको छ, त्यसैको नक्कल गर्ने जोखिम रहेको औँल्याएका छन्। युरोपमा नेटोले नियोजित रूपमै युक्रेनको घातक छद्म युद्धको आगो सल्काएको थियो र 'रूसलाई कमजोर बनाउनु' त्यसको उद्देश्य थियो।

अकस गठबन्धनले आणविक प्रसारको नीति अपनाएको छ। सम्झौता अनुसार अमेरिका र बेलायतले टनका टन हतियारजन्य युरेनियम अस्ट्रेलिया पठाएका छन्। जब कि अस्ट्रेलिया आणविक हतियार नभएको देश हो। यो पैठारीले आणविक हतियार अप्रसार सन्धि (एपिटी) को उल्लङ्घन भएको छ।

जापानलाई अकसमा ल्याउने योजनाले जापानी सैन्यवादलाई मलजल गर्ने र दोस्रो विश्वयुद्धपछिको शान्तिकामी संविधानबाट जापानलाई अझ टाढा जान उत्साहित गर्ने खतरा छ।

सन् २०२२ मा जापानको विदेश नीतिमा उल्लेख्य फेरबदल आयो। त्यो वर्ष जापानले सन् २०२७ सम्ममा आफ्नो सैन्य खर्च कूल गार्हस्थ उत्पादनको २ प्रतिशत पुर्‍याउने घोषणा गर्‍यो। दसकौँदेखि उसको सैन्य खर्चलाई १ प्रतिशतमुनि राखिएको थियो।

अमेरिकाबाट क्रूज मिसाइल खरिद गरी उत्तर कोरिया र चीनका केही क्षेत्रसम्म हान्न सक्ने क्षमता बढाउन सैन्य खर्च बढाउनुपर्ने तर्क दिइएको छ।

**चीनलाई तारो बनाइरहेका साम्राज्यवादी गिरोह**

जापानको औपनिवेशिक इतिहास लज्जास्पद छ। १९ औँ र २० औँ शताब्दीमा जापानले चीनमाथि आक्रमण गरी पददलित गरेको थियो। यस्तो इतिहास बोकेको देशलाई चीनको शान्तिपूर्ण विकास रोक्न सैन्य गठबन्धनमा जोडिन प्रस्ताव गर्नु घिनलाग्दो छ।

जापानले चीनमा धेरै नृशंस अत्याचार गरेको थियो। दोस्रो विश्वयुद्धमा जापानले लाखौँ चिनियाँ जनताको हत्या गरेको थियो; धेरै महिला तथा किशोरीको सामूहिक बलात्कार गरेको थियो।

अकसको सदस्य बेलायतको औपनिवेशिक इतिहास त्यस्तै कहालिलाग्दो छ। बेलायतले चीनविरुद्ध कुख्यात दुई अफिम युद्ध थोपरेको थियो। युद्धबाटै बेलायतले चीन सरकारको इच्छाविपरीत लागू पदार्थ आयात गर्न र त्यसको कारोबारलाई वैध बनाउन बाध्य पारेको थियो।

सन् १८४१ मा बेलायतले हङकङ कब्जा गर्‍यो र १५६ वर्षसम्म त्यहाँ कठोर शासन चलायो।

जापान, बेलायत र संरा अमेरिकाको भन्दा फरक गत ७० वर्षमा चीनले हासिल गरेको प्रगतिमा कब्जा, उपनिवेशवाद, दासप्रथा र जातिसंहारको प्रयोग गरिएन। चीन शान्तिपूर्वक उदाएको छ।

संरा अमेरिका चीनको यही शान्तिपूर्ण विकास बन्द गर्न तत्पर छ।

चीनसँग आर्थिकरूपमा प्रतिस्पर्धा गर्न विफल भएपछि वासिङ्टनले एसिया-प्रशान्त क्षेत्रमा सैन्य आक्रामकता बढाइरहेको हो।

अमेरिकाले आफ्ना शीतयुद्धजन्य उपाय अपनाएर न चीनको प्रगतिलाई सुस्त बनाउन सक्यो, न आफ्नै आर्थिक वृद्धिदर बढाउन सक्यो। चिनियाँ अर्थतन्त्रले अहिले अमेरिकाको भन्दा अढाई गुणा बेगले फड्को मार्दै छ।


आफ्नो तुलनात्मक आर्थिक पतनको क्षतिपूर्ति गर्द अमेरिकाले आफ्नो सैन्य आक्रामकता दोब्बर पारेको छ। अमेरिकाको विश्वव्यापी वर्चस्व यही क्षेत्रमा छ।

एसिया-प्रशान्त क्षेत्रमा अमेरिकाको बढ्दो सैन्यकरणबाट वासिङ्टनको युद्धपिपासा छर्लङ्ग हुन्छ। संसारका सबैलाई अर्को विश्वयुद्धतर्फ घिसारिरहेको संरा अमेरिकालाई रोक्न चाहने सबैले जोडतोडसाथ उसका पछिल्ला हर्कतको विरोध गर्नुपर्छ।

*स्रोत : एमआर अनलाइन*
*अनुवाद : सम्यक*



# मुराभ्योभ बन्धुहरूको कथा




मुराभ्योभ परिवार रूसको पुरानो खानदानी परिवार थियो। गुप्त समाजका गतिविधि र सैनिक विद्रोहमा मुराभ्योभ परिवारका आठजना युवा अफिसर सहभागी थिए। नाताले उनीहरू दाजुभाइका छोरा थिए। १८१६ फेब्रुअरीमा स्थापित 'मुक्ति सङ्घ' का ६ संस्थापकमध्ये चारजना मुराभ्योभ परिवारका थिए। अलेक्सान्दरका पिता हुनेखानेहरू पढ्ने सेन्ट पिटर्सबर्गको एक अभिजात्य विद्यालयका अध्यक्ष थिए। निकिताका पिता मस्को विश्वविद्यालयका प्राध्यापक थिए।

अर्का दुई मुराभ्योभ संस्थापक मात्भेइ र सेर्गेइ मुराभ्योभ अपोस्तोल थिए। नाताले उनीहरू अलेक्सान्दर र निकिताका काकाका छोरा थिए। उनीहरूका बुबा इभानोभ मात्भेइभिच मुराभ्योभ-अपोस्तोल थिए। आमातर्फको अपुतालीको रूपमा इभानोभले युक्रेनको पोल्ताभामा ५ हजार भूदासहरूको मालिकत्व प्राप्त गरेका थिए। यसकारण, उनको थरमा अपोस्तोल शब्द जोडिएको थियो। उनी रूसी कूटनीतिज्ञ र राजपरिषद् सदस्य (सिनेटर) थिए। विद्रोहको बेला पनि उनी सिनेटर नै थिए।

डिसेम्बर विद्रोहपछि फाँसी दिइएका पाँचजना युवाहरूमध्ये सेर्गेइ मुराभ्योभ-अपोस्तोल एक थिए। मात्भेइ र सेर्गेइका भाइ इप्पोलित १९ वर्षको कलिलो उमेरमा दक्षिणको विद्रोहमा मरेका थिए। मात्भेइ,


इभानोभ मुराभ्योभ

निकिता र अलेक्सान्दर सर्वस्वहरणसहित सदाका लागि साइबेरिया निर्वासित भए।

गुप्त समाजमा मुराभ्योभ परिवारका अन्य युवाहरू पनि सहभागी थिए। तीमध्ये निकोलाई र मिखाइल मुराभ्योभ सन् १८२० तिरै गुप्त समाजका गतिविधिहरूबाट अलग भइसकेका थिए। विद्रोहको केही महिना अघिमात्र गुप्त समाजमा ल्याइएका आर्तामोन मुराभ्योभ विद्रोहमा सहभागी नहुने निर्णयमा पुगे। साथीहरूको पोल खोलेर उनले जारसमक्ष माफी माग्ने बाटो रोजे।

**पेरिसको शिक्षा**

सेर्गेइका बुबा इभानोभ मुराभ्योभ सैनिक सेवाबाट प्रशासनमा प्रवेश गरेका थिए। आठवटा विदेशी भाषाका ज्ञाता इभानोभलाई जार पाउलको शासन (१७९६- १८०१) मा युरोपका विभिन्न देशहरूमा रूसको प्रतिनिधिको रूपमा खटाइएको थियो। सन् १८०२ मा नयाँ जार अलेक्सान्दर प्रथमले इभानोभलाई स्पेनको राजदूत नियुक्त गरे। कूटनीतिज्ञको रूपमा उनले नेपोलियनको फ्रान्सविरुद्ध अन्तर्राष्ट्रिय गठबन्धन निर्माणमा अहम भूमिका खेलेका थिए।

इभानोभका जेठा छोरा मात्भेइको जन्म १७९३ मे ६ का दिन पिटर्सबर्गमा भएको थियो। माइलो छोरा सेर्गेइको जन्म १७९६ अक्टोबर ९ मा भएको थियो। पिताको जिम्मेवारीसँगै मात्भेइ, सेर्गेइ र चार दिदीबहिनी ह्यामबर्ग, कोपनहेगन र म्याड्रिडजस्ता विदेशी सहरमा हुर्के।

१९ औं शताब्दीमा पेरिस युरोपको सांस्कृतिक र शैक्षिक केन्द्र थियो। इभानोभ म्याड्रिडको दाँजोमा पेरिस नै आफ्ना सन्तानको शिक्षादीक्षाको निम्ति उपयुक्त हुने टुङ्गोमा पुगे। सन् १८०४ मा श्रीमती अन्ना सेम्योनोभ्नाको साथ लगाएर उनले ६ छोराछोरीलाई पेरिस पठाए। मात्भेइ र सेर्गेइ पेरिस पुग्दा फ्रान्सका नयाँ सम्राट नेपोलियनको राज्याभिषेकको तयारी चल्दै थियो। पेरिस पुग्दा मात्भेइ ११ वर्ष र सेर्गेइ ८ वर्षका थिए। उनीहरूलाई पेरिसको एक अभिजात्य विद्यालयमा भर्ना गरियो। सेर्गेइका कान्छा भाइ इप्पोलित सन् १८०६ मा पेरिसमै जन्मेका थिए।

अन्ना सेम्योनोभ्ना सुसंस्कृत परिवारमा हुर्केकी महिला थिइन्। छोराछोरीको शिक्षामा उनी विशेष ध्यान दिन्थिन्। आमाको प्रत्यक्ष निगरानीमा बच्चाहरू हुर्कँदै गए। स्वास्थ्य खराब भए पनि छोराहरूका पढाइ र प्रगतिबारे अन्ना पतिलाई बरोबर लामालामा चिठी लेख्थिन्। सानैदेखि विदेशी सहरमा हुर्केका हुनाले उनीहरूलाई अन्ना सेम्योनोभ्ना रूसी भाषाको औपचारिक ज्ञान थिएन। त्यसकारण, पेरिसस्थित रूसी दूतावासको सहयोगमा सन् १८०६ देखि विद्यालयमा रूसी भाषाको पढाइ सुरु भयो। मातृभाषाको औपचारिक शिक्षा सुरु गर्दा मात्भेइ १३ वर्ष र सेर्गेइ १० वर्ष पुगिसकेका थिए। जन्मभूमि रूसबारे कुनै सहपाठीले नराम्रो टिप्पणी गरे उनीहरू झगडा गर्न अघि सर्थे।

सेर्गेइ पढाइमा तीक्ष्ण थिए। उमेरमा अरू सहपाठीभन्दा सानो भए पनि पढाइमा उनी अब्बल थिए। उनी एकान्तमा बसेर पुस्तक पढ्न रुचाउँथे। विज्ञान र गणित विषयमा उनको विशेष दख्खल थियो। सेर्गेइ चञ्चल थिए भने मातभेइ शान्त स्वभावका थिए।

विद्यालय पढाइपछि छोराहरूलाई पेरिसमै गणितमा उच्च शिक्षा दिलाउन शिक्षकहरूले आमालाई सल्लाह दिएका थिए। तर, रूस र फ्रान्सको सम्बन्ध दिनप्रतिदिन बिग्रँदै थियो। पिता इभानोभ नेपोलियनविरोधी गठबन्धन निर्माण गर्न सक्रिय थिए। अन्ततः पेरिस बसाइको ५ वर्षपछि १८०९ को जून महिनामा इभानोभ र अन्ना आफ्ना ७ बालबच्चासहित रूस फर्के।

**मातृभूमि रूसमा**


मातृभूमि फर्किने बेला प्रसिया (जर्मनी) र रूसको सिमानामा पहरा बसेका रूसी कज्जाक सैनिक देखेर सेर्गेइ रोमाञ्चित बने। तर, रूसमा अझै पनि भूदासहरू रहेको तथ्य आमाको मुखबाट उनले पहिलोचोटि सुने। भूदासहरूको पसिनाको बलमा आफू पढेको, बढेको र परिवार चलेको थाहा पाएर उनीहरू खिन्न भए। पेरिसको खुला परिवेशमा हुर्केका र अभिजात्य विद्यालयमा पढेका यी किशोरको उत्साह केही क्षणमै बिलायो। मनमा कोरेको मातृभूमिको सुन्दर तस्बिर चकनाचुर भयो। यो तथ्य स्वीकार्न उनीहरूलाई सजिलो भएन। रूस फर्केको केही महिनामै आमा अन्ना सेम्योनोभ्नाको मृत्यु भयो।

रूस फर्केर दुवै दाजुभाइ रेलवे इन्जिनियरिङ पढाइने विद्यालयमा भर्ना भए। फ्रान्ससँगको लडाइँ नजिकिँदै थियो। त्यसकारण, १८ वर्षका मात्भेइ सन् १८११ मा कनिष्ठ सैनिक अफिसरको रूपमा सेम्योनोभ्स्की गार्ड पल्टनमा प्रवेश गरे। त्यसपछि उनी १८१२ को फ्रान्सविरोधी प्रतिरोध युद्धमा सहभागी भए। भर्खरै १६ वर्ष पुगेका सेर्गेइ पनि रेलवे टुकडीसँगै युद्धमा गए। नेपोलियनविरोधी युद्धका क्रममा उनीहरू पुनः पेरिस पुगे र युद्धवीरको रूपमा रूस फर्के।

**गुप्त समाजमा**


युद्धसँगै पश्चिम युरोप पुगेका रूसी कुलीन युवाहरूमा स्वदेशको पछौटेपनप्रति दिक्दारी र असन्तोष फैलिसकेको थियो। पुस्तकमा पढेको खुला समाज पश्चिम युरोपमा उनीहरूले आफ्नै आँखाले देखेका थिए। जारको स्वेच्छाचारिता र सामन्ती भूदास प्रथा नै रूसी पछौटेपनको जड हो भन्नेमा उनीहरू एकमत थिए। रूसमा उदारवादी सुधार चाहने युवाहरूको गुप्त सङ्गठनहरू बन्न थाले। त्यसको नेतृत्व मात्भेइ र सेर्गेइजस्ता युवाहरूले गरे। 'मुक्ति सङ्घ' र 'समृद्धि सङ्घ' दुवैमा सेर्गेइ र मात्भेइले सक्रिय भूमिका खेलेका थिए।

दाजु मात्भेइ सन् १८१८ मा युक्रेनमा सरुवा भए। सेनाका उच्च अधिकारीहरूसँग मत नमिल्दा उनले सन् १८२३ मा लेफ्टिनेन्ट कर्नेलको पदबाट अवकाश लिए। उनले पिटर्सबर्ग बसेर स्थायीरूपमा दक्षिणी गुप्त समाजको उत्तरी सम्पर्क सुत्रको रूपमा काम गर्न थाले। भाइ सेर्गेइ सन् १८१८ मा पुनः गठित 'समृद्धि सङ्घ' को कार्यकारी परिषद्का सदस्य थिए। उनी पनि दाजुसँगै सेम्योनोभ्स्की पल्टनका अफिसर भइसकेका थिए। सैनिक अफिसरको रूपमा उनी आफ्ना जवानहरूलाई क्रूर सजाय दिने सहकर्मीहरूसँग कहिल्यै सहमत हुन सकेनन्। सेर्गेइजस्ता उदारवादी अफिसरहरूको जोडले सेम्योनोभ्स्की पल्टनमा सिपाहीहरूलाई अनुशासनको नाममा दिइने क्रूर शारीरिक यातना हटाइयो। त्यसकारण, सेर्गेइ सैनिक जवानहरूबिच प्रिय अफिसर बने।


क्रमशः सेर्गेइ, इप्पोलित र मात्भेइ मुराभ्योभ अपोस्तोल

गणतन्त्र र संवैधानिक राजतन्त्रको विवादमा सेर्गेइ गणतन्त्रको पक्षमा तर्क गर्थे। जारलाई ज्ञापनपत्र दिएर रूसमा कुनै सुधार हुन सक्दैन भन्ने कुरामा उनी स्पष्ट थिए। सैनिक विद्रोह नै रूसमा शासन व्यवस्था परिवर्तनको एउटै माध्यम हुनुपर्छ भन्नेमा उनी जोड दिन्थे। तर, अनावश्यक हिंसा नहोस् र विद्रोह फ्रान्सेली क्रान्तिजस्तै अराजकतामा नटुङ्गियोस् भन्नेमा उनी सहकर्मीहरूलाई सजग पार्थे। जारको हत्यामा उनको समर्थन थियो तर राजपरिवारका सम्पूर्ण सदस्यहरूको हत्या गर्नुपर्ने पाभेल पेस्तेलको योजनाको उनी विरोधी थिए। भनिन्छ, पाभेलको खेस्रा संविधानमा भूदासहरूलाई जमिन वितरण गर्ने योजना सेर्गेइको जोडले नै थपिएको थियो।

सन् १८२० मा सेम्योनोभ्स्की पल्टनमा नयाँ जर्नेल आए। जवानहरूले नयाँ जर्नेलले शारीरिक यातनाको सजाय प्रणाली पुनः लागु गरेको विरोधमा पर्चा छरे। त्यसमा जारको तानाशाहीको पनि विरोध गरिएको थियो। प्रत्यक्ष संलग्नता नभए पनि पल्टनका उदार अफिसरहरूलाई कारबाहीस्वरूप दक्षिणका युक्रेनी सहरहरूमा सरुवा गरियो। सैनिक जवानहरूप्रति उदार विचार राखेकै कारण उनलाई सजायस्वरूप राजधानी बाहिरको सेवामा पठाइयो। सेर्गेइलाई किभबाट ४० किलोमिटर दक्षिणमा पर्ने भासिल्कोभ सहरमा सरुवा गरियो। त्यहाँ उनी चेर्निगोभ पल्टनको लेफ्टिनेन्ट कर्नेल पदमा रहे।



दक्षिणमा गुप्त समाजको नेतृत्व कर्नेल पाभेल पेस्तेलले गरेका थिए। उनको पल्टन किभ सहरको ३०० किलोमिटर दक्षिणमा रहेको युक्रेनी सहर तुलचिनमा थियो। संवैधानिक राजतन्त्रवादीहरूसँग विचारको भिन्नताले गर्दा 'समृद्धि सङ्घ' विघटन भइसकेको थियो। पाभेल, भोल्कोन्स्कीजस्ता दक्षिणमा रहेका सेनाका उच्च अधिकारीहरूले स्वतन्त्ररूपमा दक्षिणी समाजका गतिविधि अगाडि बढाइरहेका थिए। रूसबाट स्वतन्त्र हुन चाहने पोल जातिका क्रान्तिकारीहरूसँग पनि उनीहरूको बलियो सम्पर्क थियो।

पाभेलसँगको सम्पर्कपछि सेर्गेइले भासिल्कोभमा दक्षिणी समाजको शाखा स्थापना गरे। बेस्तुजेभ रुमिनको सहयोगमा केही महिनाको प्रयासमै वरपरका सहरमा रहेका छाउनीका अफिसरहरूलाई गुप्त समाजमा आबद्ध गर्न सेर्गेइ सफल भए। मिखाइल बेस्तुजेभ कुशल युवा सङ्गठक थिए। रूसी क्रान्तिकारीहरूप्रति शङ्काको दृष्टिले हेर्ने पोल क्रान्तिकारीहरूलाई पनि एकै उद्देश्यमा ल्याउन उनी सफल भए। यही विशेषताले गर्दा नै बेस्तुजेभ जारशाहीको निम्ति खतरनाक मान्छे साबित भए। विद्रोहपछि २० वर्षको कलिलो उमेरमै उनलाई फाँसी दिइयो।

**विद्रोहको तयारी**

सन् १८२३ को सुरुमा सैनिक बैठकको आवरणमा दक्षिणी गुप्त समाजका विभिन्न शाखाका नेतृत्वदायी अफिसरहरूको बैठक किभमा बस्यो। दक्षिणका अधिकांश पल्टनहरूमा गुप्त समाजको प्रभाव रहेको हुँदा दक्षिणबाट सैनिक विद्रोह सुरु गर्नुपर्छ भन्ने सेर्गेइले तर्क गरे। तर, पेस्तेललगायत बहुमत नेतृत्व त्यसमा सहमत भएनन्। जारको हत्याबिना दक्षिणबाट विद्रोह सुरु गर्दा जारलाई विद्रोह दबाउन देशभरि सैनिक परिचालन गर्न समय मिल्ने हुँदा विद्रोह पिटर्सबर्गबाटै सुरु गर्नुपर्छ भन्ने बहुमत सदस्यको मत थियो। त्यसको लागि उत्तरी गुप्त समाजसँग सहकार्य अनिवार्य थियो। उत्तरी समाजका एक नेता सेर्गेइ त्रुबेत्स्कोइ त्यसबेला किभको बैठकमा सहभागी थिए। उनीमार्फत उत्तरी समाजसँग सम्पर्क भयो। मात्भेइ मुराभ्योभले पिटर्सबर्गमा दक्षिण र उत्तरबिच बैठकको चाँजोपाँजो मिलाए। अन्ततः १८२६ को जून महिनाभन्दा अगाडि जार अलेक्सान्दरको राज्याभिषेकको रजत जयन्ती (१८०१-१८२६) को अवसरमा दक्षिणमा हुने समारोहको क्रममा जारको हत्या गरेर विद्रोह सुरु गर्ने कुरामा सबै सहमत भए।

सेर्गेइ मुराभ्योभ विद्रोहको तयारीको निम्ति गुप्त प्रचार र सङ्गठनमा अझ सक्रियतापूर्वक लागिपरे। तर, जार अलेक्सान्दरको अप्रत्यासित निधन र पाभेलको पक्राउले गुप्त समाजको योजना भताभुङ्ग भयो। डिसेम्बर २६ मा भएको उत्तरको विद्रोहको असफलतासँगै दक्षिणका नेताहरूको नाममा पक्राउ पुर्जी जारी भयो। भासिल्कोभमा आफ्ना भाइ भेट्न आइपुगेका मात्भेइसँगै सेर्गेइ पनि १८२६ जनवरी १० का दिन पक्राउ परे। तर, गुप्त समाजमा आबद्ध चेर्निगोभ पल्टनका अफिसरहरूले आफ्ना नेताहरूलाई छुटाए। उनीहरूसँग विद्रोह सुरु गर्नु बाहेक अर्को बाटो थिएन।

**दक्षिणको विद्रोह**

विद्रोही सेनाले डिसेम्बर ११ का दिन भासिल्कोभ सहर कब्जा गरे। सहरको मुख्य चोकमा चर्चका पुरोहितमार्फत रूसको जार रूसी जनताको रगत चुस्ने अत्याचारी शासक भएको कारण यशु क्राइष्टमात्र असली जार हुनसक्ने उद्घोष गर्न लगाए। उनीहरूले सबै भूदासहरू स्वतन्त्र भएको घोषणा गरे। त्यसैदिन उत्तरबाट विद्रोहको सूचना दिन आइपुगेका कान्छो भाइ इप्पोलित भासिल्कोभ पुगे। सहरमा बस्ने किसानहरू टोली बनाएर विद्रोही नेतालाई धन्यवाद दिन आए। सेर्गेइले रूसी किसानहरूको पक्षमा आफू निरन्तर लडिरहने बताए।

विद्रोह अरू पल्टनहरूसँग पनि जोडिनु आवश्यक थियो। वरपरका पल्टनहरूमा समयमै सूचना पठाउन सके विद्रोह छिटो फैलिन सक्ने आशाले उनले सम्पर्क स्थापना गर्ने प्रयास गरे। तर, त्यतिबेलासम्म धेरै पल्टनमा गुप्त समाजका नेताहरू पक्राउ परिसकेका थिए। अन्य सहरका विद्रोहीहरूसँग जोडिने प्रयास गर्दागर्दै अन्ततः जनवरी १५ का दिन विद्रोही सेना जारसमर्थक पल्टनहरूको घेरामा पर्‍यो। युद्धको क्रममा ३ विद्रोही अफिसर र ६० सैनिक जवानको मृत्यु भयो। विद्रोहका नेता सेर्गेइ मुराभ्योभ गम्भीर घाइते बने। नेतृत्वको अभावमा विद्रोही सेना तितरबितर भयो। सेर्गेइ र मात्भेइ मुराभ्योभलाई पक्राउ गरियो र पिटर्सबर्ग पठाइयो। सेर्गेइ जारसामु कहिल्यै झुकेनन्। पिटर्सबर्गको पिटर-पाउल किल्लामा कैद गरिएका विद्रोहीहरूको निम्ति सेर्गेइ निरन्तर ऊर्जाको स्रोत बनिरहे। सेर्गेइले अन्तिम समयसम्म पनि विद्रोह र बलिदानको औचित्यबारे सम्झाउँदै जेलमा रहेका आफ्ना सहकर्मीहरूलाई उत्साहित गरिरहे।


निकिता र अलेक्सान्दर मुराभ्योभ

संयोगले विद्रोहको समयमा तीन भाइ एकै ठाउँ आएका थिए। १९ वर्षका कान्छा भाइ विद्रोहमै मारिए भने २९ वर्षका सेर्गेइलाई ६ महिनापछि जुलाई १३ का दिन फाँसीमा झुन्ड्याइयो। ३३ वर्षका ठुलो दाजु मात्भेइलाई १२० जना अन्य विद्रोहीसँगै आजीवन निर्वासनमा साइबेरिया पठाइयो। ३० वर्षको लामो साइबेरिया बसाइको क्रममा मात्भेइले साइबेरियाली आदिवासीहरूको शैक्षिक विकासमा महत्त्वपूर्ण भूमिका खेले। उनी जहाँ-जहाँ पठाइन्थे त्यहाँ-त्यहाँ आदिवासीहरूको निम्ति विद्यालय स्थापना गरेर कक्षा सुरु गरिहाल्थे। सन् १८५६ को आममाफीपछि मात्भेइले मस्कोनजिक एउटा गाउँमा अर्को ३० वर्ष बिताए। उनी नयाँ पुस्ताका क्रान्तिकारीहरूको निम्ति प्रेरणाको स्रोत बनिरहे। ९३ वर्षको उमेरमा १८८६ फेब्रुअरी २१ का दिन मस्कोमा 'डिसेम्बरवादी बाजे' मात्भेइ मुराभ्योभ-अपोस्तोलको निधन भयो।

# विश्वका विभिन्न देशमा अन्तर्राष्ट्रिय मजदुर दिवस (मे-१)



ताइवानको ताइपेइ


टर्कीएको इस्तानबुल



फ्रान्सको राजधानी पेरिस



पाकिस्तानको लाहोर


बङ्गलादेशको राजधानी ढाका


इन्डोनेसियाको राजधानी जाकर्ता


दक्षिण कोरियाको सिउल


न्युयोर्कको कोलम्बिया


ग्रीसको राजधानी एथेन्स

## अस्ट्रेलिया महिलाविरूद्धका हिंसात्मक गतिविधि नियन्त्रणका लागि प्रतिबद्ध

क्यानबेरा,१९ वैशाख (सिन्ह्वा)। अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले महिलाहरूलाई हिंसात्मक सम्बन्ध छोड्न मद्दत गर्नको लागि नयाँ कोषको घोषणा गर्नुभएको छ।

लैङ्गिक हिंसालाई सम्बोधन गर्न सङ्घीय, तथा क्षेत्रीय नेताहरूको आपतकालीन बैठकपछि, अल्बनिजले हिंसात्मक सम्बन्ध छोड्न सघाउने कार्यक्रम स्थापना गर्न पाँच वर्षमा नौ करोड २५ लाख अष्ट्रेलियाली डलरको घोषणा गर्नुभएको हो।

लैङ्गिक हिंसा अन्त्य गर्न माग गर्दै हजारौँ अस्ट्रेलियालीहरूले गरेको प्रदर्शनमा अल्बानीजले क्यानबेरामा प्रदर्शनकारीहरूलाई सम्बोधन गर्दै महिलाविरुद्धको हिंसालाई राष्ट्रिय सङ्कटको रूपमा वर्णन गर्नुभयो।

राष्ट्रिय न्यायका लागि क्रियाशील समूह ‘डिस्ट्रोय द जोइन्ट’ का अनुसार अस्ट्रेलियामा सन् २०२३ को पहिलो चार महिनामा १२ जनाको मृत्यु भएकोमा सन् २०२४ मा यो सङ्ख्या २८ पुगेको छ।

यसअघि बुधबार नै एक विज्ञप्ति जारी गरी प्रधानमन्त्री अल्बानिजले महिला र बालबालिकाविरुद्धको हिंसाको रातारात समाधान हुन नसक्ने हृदयविदारक वास्तविकता भएको बताउनुभएको छ। उहाँले यो घोषणाले कम महिलाहरूले हिंसात्मक सम्बन्धमा फसेको महसुस गर्ने हाम्रो प्रयासलाई सहयोग गर्ने उल्लेख गर्नुभयो।

बुधबारको बैठकमा नेताहरूले डिजिटल समस्या नक्कली पोर्नोग्राफीको सिर्जना र वितरणमा प्रतिबन्धसहित अनलाइन समस्या सम्बोधन गर्न नयाँ उपायहरू कार्यान्वयन गर्न सहमत भएका छन्।

“डिजिटल सामग्री महिला तथा केटीविरुद्धको दुर्व्यवहारको हानिकारक रूप भएकाले पीडितहरूलाई गहिरो हानि पुऱ्याउने महान्यायाधिवक्ता मार्क ड्रेफसद्वारा जारी अर्को छुट्टै एक विज्ञप्तिमा जनाउनुभयो।

## पाकिस्तान र इरानबाट दुई हजारभन्दा बढी अफगानी आप्रवासी निर्वासित

इस्लामाबाद, १९वैशाख ( एएनआई)। पाकिस्तान र इरानले निष्कासन गरेपछि दुई हजारभन्दा बढी अफगानी आप्रवासीहरू अफगानिस्तान फिर्ता गराएको तालिबानको नेतृत्वमा रहेको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयलाई उद्धृत गर्दै टोलो न्युजले जनाएको छ।

मन्त्रालयका अनुसार सोमबार देशको प्रहरीले निष्कासन गरेपछि २६० जना अफगान आप्रवासी पाकिस्तानबाट काबुल फर्केका छन्।

यसैबिच, दुई हजार ३६८ अफगानी आप्रवासीहरू सोही दिन इरानबाट अफगानिस्तानमा पुनः प्रवेश गरेको खामा प्रेसले जनाएको छ। आप्रवासीहरू नान्गाहार प्रान्तको तोरखाम सीमा हुँदै देशमा फर्केको जनाइएको छ।

फर्केका व्यक्तिहरू हेरात प्रान्तको इस्लाम काला सीमा पार गरेर अफगानिस्तानमा प्रवेश गरेको अधिकारीहरूले बताएका छन्।

हालैका महिनाहरूमा इरान र पाकिस्तानबाट अफगान आप्रवासीहरूको निष्कासन तीव्र भएपछि तालिबानको शरणार्थी मन्त्रालयले इरानबाट आप्रवासीहरूको फिर्तीको घोषणा गरेको छ।यसअघि, एम्नेस्टी इन्टरनेसनले पाकिस्तानबाट अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने योजना तत्काल रद्द गर्न आह्वान गर्दै यो योजना अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र शरणार्थी कानुन विपरीत भएको उल्लेख गरेको थियो।

यसैबिच, तालिबानका कार्यवाहक शरणार्थी तथा स्वदेश फिर्ती मामिला मन्त्रीले पाकिस्तानलाई अफगान आप्रवासीको मुद्दा द्विपक्षीय समझदारीको ढाँचाभित्र समाधान गर्न आग्रह गर्नुभएको थियो।

पाकिस्तानबाट कागजातविहीन अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने पहिलो चरण नोभेम्बर २०२३ देखि सुरु भएको थियो।

मानवअधिकारवादी सङ्गठन तथा तालिबानीले पाकिस्तानको कार्यको आलोचना गरेका छन्। यद्यपि, पाकिस्तानी सरकारले यो कुनै जातीय समुदाय निर्देशित प्रक्रिया नभएकोमा जोड दिएको छ ।

## अफगानिस्तानको मस्जिदमा आक्रमण, सुरक्षाको लागि अपिल

काबुल (अफगानिस्तान), १९ वैशाख (एएनआई)। अफगानिस्तानको हेरात प्रान्तका मङ्लबार मस्जिदमा भएको आक्रमणमा एक महिला र एक बालकसहित पाँच जानाको मृत्यु भएपछि आफुहरूको सुरक्षाका लागि भक्तजनहरूले प्रशासनसँग आग्रह गरेका छन्।

सुरक्षा अधिकारीहरूका अनुसार आक्रमणकारीको पहिचान अहिलेसम्म खुल्न सकेको छैन।

बन्दुकधारीले साँझको प्रार्थनाका क्रममा पश्चिमी हेरातको गुजारा जिल्लाको मोहम्मदीयामा रहेको मस्जिदमा आक्रमण गरेका थिए।

हेरातका बासिन्दा मोहम्मद जमानले प्रार्थनास्थल सुरक्षित गर्न आह्वान गर्दै सरकारले सबै मस्जिदहरू सुरक्षित राख्नुपर्ने विषयमा ध्यान दिनु समग्र राष्ट्रवासीको माग भएको बताउनुभएको छ।

यसैबिच, राज्यले सुरक्षाको जिम्मा लिनुपर्ने बताउदै आगामी दिनमा नागरिकको सुरक्षाको सुनिश्चितताका लागि आग्रह गरेको अर्का बासिन्दा असदुल्ला किमेटलाई उद्धृत गरी टोलोन्यूज जनाएको छ।

हेरात सहरको पश्चिममा रहेको जाबरियालको छिमेकमा बन्दुकधारीहरूले दुई शिया पादरीसहितका बासिन्दाहरूलाई आक्रमण गरेको पाँच महिनापछि यो अर्को आक्रमण भएको हो। उक्त आक्रमणमा दुई जना महिलासहित छ जनाको मृत्यु भएको थियो।

हेरातका बासिन्दाहरूले आफ्नो प्रान्तमा आक्रमण गर्ने दोषीहरूको यथाशीघ्र पहिचान गरी उचित सजाय हुनुपर्ने माग गरेका छन्।

अहिलेसम्म कुनै पनि समूहले आक्रमणको जिम्मेवारी लिएको छैन। घटनाको अनुसन्धान जारी छ।

## सेन्झाउ-१७ अभियानको १८७ औँ दिनपछि पेइचिङमा अवतरण

पेइचिङ, १९ वैशाख (सिन्ह्वा)। तीन सदस्यीय ‘सेन्झाउ-१७’ चालक दल छ महिनाको अन्तरिक्ष अध्ययन अभियानपछि बुधबार बिहान विमानबाट पेइचिङ आइपुगेको छ। सेन्झाउ-१७ एक चिनियाँ अन्तरिक्ष उडान हो जुन सन् २०२३ अक्टुबर २६ मा प्रक्षेपण भएको थियो।

चाइना म्यान्ड स्पेस एजेन्सी (सीएमएसए) का अनुसार, मङ्गलबार अन्तरिक्ष यात्री ताङ होङ्बो, ताङ शेङ्जी र जियाङ सिनलिनलाई लिएर सेन्झाउ-१७ को यान उत्तरी चीनको भित्री मङ्गोलिया स्वायत्त क्षेत्रको डोङफेङस्थित अवतरण स्थलमा पेइचिङको समय अनुसार साँझ ५:४६ मा अवतरण गरेको छ। चालक दल सबैले साँझ ६:३७ मा यानबाट बाहिरिएका थिए।

# इतिहास जोगाउन स्थानीय सरकार

- राजकुमार दिक्पाल

काठमाडौँ । धनकुटा जिल्लाको चौबिसे गाउँपालिका (साबिकको कुरुले तेनुपा गाविस) मा एउटा थुम्को छ । त्यस थुम्कोलाई गढी भनिन्छ । त्यस थुम्कोमा अहिले कुरुले तेनुपा माध्यमिक विद्यालयको भवन छ । ऐतिहासिकरूपमा सामरिक र प्रशासनिक दृष्टिकोणले अत्यन्तै ठुलो महत्त्व राख्ने कुनै बेला एउटा गढी थियो यो थुम्कोमा तर अब यस ऐतिहासिक गढीको कुनै पनि भौतिक संरचनाको अवशेष देख्न पाइँदैन । इतिहासको यो गढी अब एकादेशको दन्त्यकथा जस्तै हुन पुगेको छ ।

इतिहासकारहरूले गरेको यो गढीको चर्चाअनुसार यसको महत्त्व प्राचीनकालतिर पुग्छ । इतिहासकारद्वय प्रेमबहादुर मावोहाङ र भूपेन्द्रनाथ ढुङ्गेलले २०११ सालमा छापिएको आफ्नो पुस्तक सङ्क्षिप्त नेपाल इतिहासमा यो गढी यस क्षेत्रमा लिम्बूहरूको बसोबास सुरु भएदेखि नै तत्कालीन लिम्बू राजा मावोहाङ रायले निर्माण गरेको उल्लेख गरेका छन् ।

यस्तै, इतिहासकार शिवकुमार श्रेष्ठले २०४२ सालमा प्रकाशित भएको आफ्नो पुस्तकमा यो गढी लिम्बू राजा साइयोकहाङले निर्माण गरेको उल्लेख गरेका छन् । यो गढीका बारेमा पृथ्वीनारायण शाहको पत्रमा पनि उल्लेख छ । १८३१ साउनमा विजयपुरबाट अभिमानसिंह बस्न्यात र पारथ भण्डारीको नेतृत्वमा उत्तर पाँचथरतिर बढेको गोर्खाली सेना यो गढी पुगेको र त्यहाँबाट अगाडि बढेको पृथ्वीनारायण शाहको पत्रमा उल्लेख छ । सेनकालमा यो गढीबाट महत्त्वपूर्ण प्रशासन चल्थ्यो भन्ने ऐतिहासिक तथ्यको सङ्केत पृथ्वीनारायण शाहको पत्रबाट पनि मिल्छ । पछिसम्म यो गढीका कुरुवाहरूलाई जिम्मेवारी र जागिरहरू दिइएका ऐतिहासिक लालमोहरहरू पाइएका छन् ।

इतिहासको महत्त्व बुझ्न नसक्दा त्यस महत्त्वपूर्ण ऐतिहासिकस्थललाई मासेर विद्यालय भवन निर्माण गरिएको देखिन्छ । अब फेरि सञ्चालनमा आएको विद्यालय भवनलाई भत्काएर गढी भएको यो स्थलको उत्खनन् गर्न सम्भव छैन । त्यसैले यस गढीसम्बन्धी प्राप्त हुनसक्ने ऐतिहासिक पत्रहरू केलाएर गढीसम्बन्धी ऐतिहासिक अभिलेख भने राख्न सकिन्छ ।

धनकुटाको कुरुले गढी मासिएजस्तै नेपालमा यस्ता ऐतिहासिक स्थलहरू कति मासिए होलान् ? अब अन्य कुनै पनि ऐतिहासिक स्थलहरूलाई मासिनबाट जोगाउन सरोकारवाला स्थानीय सरकारले विशेष बुद्धिमत्ता अपनाएर पहलकदमी गर्न जरुरी छ । प्रकृतिले दिएको मात्रै होइन, पुर्खाले छाडी गएको निसानीले वर्तमानको गौरवलाई समृद्ध बनाउँछ । यस्ता गौरवहरू भावी पुस्तालाई समर्पण गर्न सकिए उनीहरू पनि गौरवान्वित हुनेछन् । पुर्खाको निशानी मास्नु भनेको आफ्नै गौरव र सभ्यतालाई छिन्नभिन्न बनाउनु हो । यस्तो कार्यलाई किमार्थ उचित मान्न सकिन्न ।

**शिलालेखहरूको संरक्षण**

हाम्रा पुर्खाहरूको समयमा परत्र सुधारका लागि जनहितको काम गर्दा चौतारा, हिटी, पोखरी, मन्दिर तथा पाटीपौवा आदि बनाउने चलन थियो । यिनीहरूसँगै शिलालेख राखेर आफ्नो धर्मकीर्तिका बारेमा जानकारी दिने चलन थियो । अहिले पनि यस्ता महत्त्वपूर्ण शिलालेखहरू ठाउँठाउँमा भेटिन्छन् । कतिपय शिलालेखहरू त मासिएर पनि गएका छन् । कतिपय शिलालेखहरू घर वा सडक बनाउँदा प्रयोग भए होलान् ।

स्थानीय सरकारहरूले आफ्नो पालिका क्षेत्रभित्र रहेका सार्वजनिक स्थलका शिलालेखहरूको संरक्षण गर्न पहल गर्नुपर्छ । यस्ता शिलालेख राख्ने व्यक्ति वा परिवारले दर्साएको परोपकारी व्यवहारलाई उचित मूल्याङ्कन गर्नु वर्तमान पुस्ताको दायित्वभित्र पर्छ । यस्ता कीर्ति राख्नका लागि अरुलाई पनि उत्प्रेरित गर्न सकिने हुँदा इतिहासका यस्ता प्रमाणहरूलाई नष्ट हुनबाट जोगाउन स्थानीय सरकारहरूले गम्भीरतापूर्वक काम गर्न सक्छन् । भौतिक विकास तथा निर्माण गर्ने नाममा ऐतिहासिक धरोहरहरूसँगै इतिहासको प्रमाण बोल्ने शिलालेखहरू नष्ट हुन सक्नेतर्फ स्थानीय सरकार सावधान हुन जरुरी छ । इतिहासलाई नष्ट पार्ने अधिकार कसैलाई छैन ।

यस्तै, मन्दिरमा चढाइने घण्ट तथा ताम्रपत्रहरूमा पनि अभिलेखहरू लेखिएको पाइन्छ । यिनीहरू पनि इतिहासको प्रमाण बोल्ने साक्षीहरू हुन्, जसलाई संरक्षण गर्न स्थानीय सरकार प्रशस्तै कामहरू गर्न सक्छन् । शिलालेखहरूको संरक्षणको सन्दर्भमा हनुमानढोका दरबार क्षेत्रमा भेटिएको एउटा शिलालेखबारे यहाँ चर्चा गर्न उपयुक्त हुनेछ ।

इतिहासकार गौतमबज्र बज्राचार्यले आजभन्दा ५० वर्षअघि हनुमानढोका दरबार क्षेत्रको अध्ययनका क्रममा एउटा यस्तो शिलालेख फेला पारे, जुन हनुमानढोकाको देगुतले मन्दिरमा पेटी बनाउन प्रयोग गरिएको थियो । यसरी पेटी बनाउन प्रयोग गरिएको कारण शिलालेखको धेरै भाग खण्डित हुन पुगेको छ । अंशुवर्माको समयको यो शिलालेखमा 'किरात' भन्ने शब्द परेको छ ।

नेपालका किराँतकाल थियो र किराँती राजाहरू थिए भन्ने वर्णन गोपालराज वंशावलीलगायत अन्य केही वंशावलीमा पाइन्छ तर किराँत लेखिएको कुनै अभिलेख भने पाइएको थिएन । लिच्छवीकालमा 'किराँत' लेखिएको शब्द फेला परेकाले किराँतकाल थियो भन्ने प्रमाण जुटाउनका लागि महत्त्वपूर्ण हुने यो शिलालेखमाथि इतिहासकार गौतमबज्र बज्राचार्यको पहिलो नजर पर्न गयो । त्यसपछि यो शिलालेखलाई इतिहासकारहरू धनबज्र बज्राचार्य तथा महेशराज पन्तले गम्भीरतापूर्वक अध्ययन गरेको पाइन्छ ।

अहिले यो शिलालेख हनुमानढोका सङ्ग्रहालयमा सुरक्षित राखिएको छ । गौतमबज्र बज्राचार्यजस्तो मर्मज्ञ इतिहासकारको नजर नपरेको भए यो शिलालेखको हालत के हुने थियो होला ? यस्ता ठुला महत्त्वका शिलालेखहरू स्थानीय स्तरमा पनि पाइने हुँदा तिनीहरूको संरक्षण गर्न सके इतिहास संरक्षणमा ठुलो योगदान गर्न सकिन्छ । यसबारे स्थानीय सरकारले हेक्का राख्न जरुरी छ, यस्ता शिलालेखहरू रोडा गिट्टीमा परिणत नहोउन् ।

**भौतिकसँगै बौद्धिक विकास**

झट्ट हेर्दा भौतिक विकास निर्माण मात्रै स्थानीय सरकारको दायित्वभित्र पर्ने काम हो कि जस्तो पनि लाग्छ । नेपालको सबै ठाउँमा सडक, विद्युत्, विद्यालय, खानेपानीजस्ता भौतिक पूर्वाधारहरूको विकास भइनसकेका कारण प्रायः सबैजसो स्थानीय सरकारले भौतिक पूर्वाधारमै जोडबल गरेको देखिन्छ । यसकै लागि स्थानीय सरकारहरूले अधिकतम बजेट छुट्याएर काम गरिरहेका छन् । यो अनावश्यक काम होइन तर भौतिक विकास र निर्माणसँगै पुरातात्विक र ऐतिहासिक धरोहरको संरक्षण र तिनीहरूको अभिलेखीकरणलाई पनि उत्तिकै प्राथमिकताको सूचीमा राखेर स्थानीय सरकारले उचित कदम चाल्न सके यसले उक्त पालिका क्षेत्रको बौद्धिक सौन्दर्य र पहिचानलाई यथोचितरूपमा स्थापित गर्न सक्छ । किनकि, ऐतिहासिक धरोहरहरूको संरक्षण र अभिलेखीकरणले इतिहास संरक्षणका लागि वास्तविक सहयोग पुऱ्याउँछ । इतिहास भनेको ज्ञानको स्रोत हो । ज्ञानको स्रोतको संरक्षण बौद्धिक विकासको पर्याय हो । यस प्रकारको पहल कदमीबाट पनि ती पालिकाहरूको बौद्धिक सभ्यता आङ्कलन गर्न सकिन्छ ।

उदाहरणका लागि तेह्रथुम जिल्लाको लालीगुराँस नगरपालिकाको कामलाई लिन सकिन्छ । यस नगरपालिकाले चोत्लुङ पार्क निर्माण गर्दा पार्कभित्र लिम्बू परम्परागत घर निर्माण गरेको छ । यस नगर क्षेत्रमा घुम्न वा काम विशेषले पुग्नेहरूमध्ये सबैजसो यो पार्कमा पुग्छन् । त्यहाँ पुगेर लिम्बू परम्परागत घरलाई पृष्ठभूमिमा राखेर फोटो खिचाउँछन्, कोही सेल्फी खिच्छन् । यसरी यो पार्कले पर्यटकहरूलाई आकर्षण गरिरहेको छ । यो पार्कभित्र रमिता हेर्ने, फोटो खिच्ने र रमाउने साधनहरू मात्रै छैनन्, लिम्बू परम्परागत घरभित्र सिङ्गो सङ्ग्रहालय पनि छ ।

यस सङ्ग्रहालयमा पुराना भौतिक सामग्रीहरू प्रदर्शनमा राखिएका छन् । अझ यो सङ्ग्रहालयको अर्को विशेषता हो, पुराना अभिलेख तथा पुस्तकहरूको सङ्ग्रह । सङ्ग्रहालयभित्र सुरक्षित पुराना कागजपत्रहरू इतिहास अध्येताहरूका लागि ठुलो राहतका साधनहरू हुन् । त्यसैले यो पार्कमा पुग्दा भौतिक मनोरञ्जनमात्र होइन, बौद्धिक मनोरञ्जन पनि प्राप्त गर्न सकिने हुँदा यो पार्कको लक्ष्य प्राज्ञिक पर्यटन प्रवर्द्धन पनि रहेको देखिन्छ, खासगरी इतिहासको क्षेत्रमा ।

यस नगरपालिकाको मेयर अर्जुनबाबु माबुहाङ आफैँ पनि इतिहासकार र लिम्बू मुन्धुमविद् हुन् । उनले आफ्नो ज्ञानको भरमग्दुर प्रयोग यो पार्कमा गरेको देखिन्छ । पहिलेको तुलनामा अहिलेका स्थानीय सरकारहरू धेरै स्वायत्त र अधिकारसम्पन्न छन् । यस्तो अधिकार र स्वायत्ततालाई केबल भौतिक विकास र निर्माणको क्षेत्रमा मात्रै लागु गर्नहुँदैन । विकासको मापन भौतिक उन्नति र परिवर्तनको आधारमा मात्रै गरिनुहुँदैन । अझ भौतिक विकास निर्माणका क्रममा ऐतिहासिक र सांस्कृतिक सम्पदा ध्वस्त हुन पुगेको सन्दर्भ यो लेखको सुरुमै उल्लेख भइसकेको छ । विद्यालय भवन निर्माणको नामका एउटा सिङ्गो ऐतिहासिक गढीलाई मैदान हुनबाट जोगाऔँ ।

*(लेखक इतिहास अध्ययनमा रुचि राख्नुहुन्छ ।)*

**रासस**


## हार्दिक श्रद्धाञ्जली



जन्म
२०१९/०४/०५

निधन
२०८१/०१/१४

स्व. बुद्धलक्ष्मी वैद्य

हाम्रा मित्र तथा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ, भक्तपुर नगर समितिका पूर्वसचिव गंगालक्ष्मी वैद्यकी ममतामयी आमा **बुद्धलक्ष्मी वैद्य**को असामयिक निधन भएको आज सातौँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**साथीहरू**

| | | | | |
|---|---|---|---|---|
| राजेन्द्र चवाल | तुल्सीलक्ष्मी दुमरू | रत्नप्रसाद फैजु | विश्वराम सुवाल | रामेश्वरी कोजु |
| बलराम दुवाल | सागर सुवाल | राजन ग्वाछा | राजन त्वानाबासु | रमेश कोजु |
| प्रनेश बाटी | प्रकाश गोसाई | रामेश्वर मचामसी | लक्ष्मीनारायण त्वानाबासु | सुरेश हेङ्गोजू |
| राजन कोजु | शर्मिला थुसा | चन्चला दुवाल | केपी छुस्याकी | मुकेश दुमरू |
| दीपक माक | गणेशराम न्हेम्हाफुकी | लक्ष्मीप्रसाद दुवाल | राजन अवाल | अन्जना छुस्याबाग |
| सुनिल मगजु | रवीन्द्र फोजु | राजेन्द्र दुवाल | राजु लासिवा | सुरेन्द्रभक्त सुवाल |
| श्रीया पहिजु | रामसुन्दर बासी | नीलकमल कोजु | रवि दुवाल | रामप्रसाद ग्वाछा |
| | सूर्यलक्ष्मी प्रजापति | सुविन सितिखु | रमण बोहजु | |

# चितवनमा भेला एवं प्रशिक्षण




चितवन, १९ वैशाख । “मजदुरहरू वैचारिकरूपमा सचेत र सङ्गठित नभएसम्म अधिकार नपाउने, प्रगति र सङ्घर्ष नहुने भएकोले नयाँ समाज निर्माण पनि हुँदैन । सङ्घर्षमय भावना विकास गर्न निरन्तर पार्टी प्रकाशनको अध्ययन र छलफल आवश्यक हुन्छ ।”

उक्त विचार नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेश सदस्य सुरेन्द्रराज गोसाईले १३५ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस (मई दिवस) को अवसरमा बुधबार भएको भेला एवम् प्रशिक्षण कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

केही सुविधा र अधिकारको लागि मात्र मई दिवस मनाउने काम गलत हुने भन्दै उहाँले साम्राज्यवादविरोधी भावना विकास गर्ने अवसरको रूपमा मई दिवस मनाउनुपर्नेमा जोड दिनुभयो ।

पुँजीवादी व्यवस्थाको विशेषता भनेको झिलिमिली, आकर्षक प्रचार र मान्छेलाई अलमल पार्ने बताउँदै उहाँले भ्रष्टाचार, बलात्कार, अपराध, असमान सन्धि, अन्याय, शोषणको भरमा अल्पमतले बहुमत जनतामाथि शासन गरि रहेको छ भन्नुभयो ।

उहाँले सहकारी ठगहरू नै सांसद र मन्त्री बनिरहेकोमा चिन्ता व्यक्त गर्दै चेतना, विचार र सङ्गठनविनाको विकास अर्को धोका हुने बताउनुभयो ।

संरा अमेरिकाले विश्वमा आतङ्क मच्चाइरहेको उल्लेख गर्दै उहाँले छिमेकी देश चीन अर्थतन्त्रमा विश्वमा अगाडि आइरहेको र विश्वभर मित्रवत् सम्बन्ध विस्तार गर्न बीआरआई नीतिअनुसार गइरहेको स्पष्ट पार्नुभयो ।

कानुन अध्ययन समाज, नेपालका अध्यक्ष रामप्रसाद प्रजापतिले जसरी पनि चुनाव जित्ने, पैसा पेलेरै न्यायाधीश बन्ने, गलत काम गरेर धनी हुने, पैसा असुल्ने र लुट्ने व्यवस्था नै पुँजीवादी व्यवस्था भएकोले नेमकिपाले व्यापक जनताको हितमा काम गरिरहेको बताउनुभयो ।

नेमकिपा तेस्रो जिल्ला सम्मेलन तयारी समिति, चितवनका संयोजक हरिप्रसाद दुवालको सभापतित्वमा भएको सो कार्यक्रममा मोहनबहादुर प्रजा, सन्तबहादुर पाखिन, लक्ष्मी चेपाङलगायतले मई दिवसबारे बोल्नुभएको थियो ।

**कम्युनिस्ट.....**

उद्योग विदेशीलाई दिएर जनताको आवश्यकता पूर्ति हुनेछैन; सरकारी उद्योग डुबाएर, बेचेर, निजीकरण गरेर खाएकोले देशमा बेरोजगारीको सङ्ख्या बढ्यो; जनता घरवारविहीन भए, उहाँले भन्नुभयो ।

आर्थिक अपराध र देशघाती काम छोप्न लगानी सम्मेलन गरेको उल्लेख गर्दै उहाँले भन्नुभयो, “आर्थिक डाँवाडोलको कारण युद्ध हो; देश देश जुधाएर हतियार बेचेर नाफा कमाउने देश अमेरिका हो; अमेरिका युद्ध गरेर, गराएर, ध्वंस बनाउन चाहन्छ; अत: संसारमा शान्तिको किरण छर्न युद्धको विरोध गर्नुपर्छ ।”

नेपाल क्रान्तिकारी मजदुर सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष एवं कार्यक्रमका सभापति उपेन्द्र सुवालले मजदुरहरूको पेट र परिवार पाल्न नै मजदुर आन्दोलन भएको उल्लेख गर्दै अमेरिकाको सिकागो सहरका मजदुरहरूको अहिलेको पीडा उहिले यो गणतान्त्रिक सरकारमा कायम रहेको बताउनुभयो ।

भारतीय मजदुर भित्र्याएर नेपाली मजदुर विदेश पठाउने सरकारी नीतिको विरोध गर्दै उहाँले समाजवादी क्रान्तिपछि देश, जनता र मजदुरको हित हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रम सञ्चालन समितिका संयोजक विष्णुराम दुमरुले मजदुर आन्दोलन दबाउन अनेक दमन, छलछाम गरेर दबाउन खोजे पनि अमेरिकामा मजदुर आन्दोलन देशव्यापी बनेको र सो आन्दोलन अन्तत: सफल भएको सन्दर्भमा १ मईको दिनलाई श्रमिकको विजयको दिवसको रूपमा मनाइरहेको बताउनुभयो ।

सिकर्मी सङ्घ भक्तपुरका अध्यक्ष विक्रम ढुकुछुले सिद्धान्तहीन राजनीति र भागबन्डाले देश दिशाहीन बनिरहेकोमा चिन्ता व्यक्त गर्दै कामअनुसारको ज्याला पाउन समाजवाद स्थापना गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल यातायात मजदुर सङ्घ भक्तपुरका अध्यक्ष राजेश बुयोले मजदुरवर्गमाथि भइरहेको शोषण अन्त्य गर्न सम्पूर्ण मजदुरहरू एक हुनुपर्नेमा जोड दिँदै शोषण कायम हुने पुँजीवादको विरोध गर्न र शोषणरहित समाज स्थापनाको निम्ति समाजवादको बाटोमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

औद्योगिक मजदुर सङ्घका प्रतिनिधि हरिकाजी कार्कीले बजार भाउ वृद्धिको अनुपातमा सेवा सुविधा नदिएको विचार राख्दै श्रम ऐन मजदुरहरूको हितविपरीत रहेको बताउनुभयो ।

रमेश दुमरुले पनि बोल्नुभएको सो कार्यक्रममा श्रमिकहरूको अन्तर्राष्ट्रिय गीत र पासा पुच: भनपा ९ को तर्फबाट ‘उठजाग सारा नेपाली’ नामको क्रान्तिकारी गीत गाइएको थियो ।

कार्यक्रमका अतिथि सुवालले किसान कार्यकर्ता गंगाराम ज्याख्वलाई हँसिया र मजदुर राजन कोजुलाई हथौडा हस्तान्तरण गरेर कार्यक्रम उद्घाटन गर्नुभएको थियो ।

जुलुस सुरु हुनुअघि च्याम्हासिंहमा नेक्रामसङ्घ भजिसका गणेशप्रसाद सुवाल र पुण्यराम न्हुछेले मजदुर आन्दोलनको आवश्यकता र उपलब्धिबारे जानकारी दिनुभयो ।

## हार्दिक समवेदना



जन्म : २००१/०१/२१
निधन : २०८१//०१/०९

हामी प्रजापतिहरूको २ नं. गुठीका सदस्य विजय प्रजापतिका साथै यस गुठीका टुइगा नारांप्रसाद प्रजापति र शिवप्रसाद प्रजापति, ओमप्रकाश प्रजापति र शङ्कर प्रजापतिकी ममतामयी माता **मोहनलक्ष्मी प्रजापति**को दु:खद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**२ नं. गुठी परिवार**

## हार्दिक समवेदना

जन्म
२०१९/०३/०५



निधन
२०८१/०१/१४

नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर जिल्ला समितिका कोषाध्यक्ष गंगालक्ष्मी वैद्यकी पूजनीय आमा **बुद्धलक्ष्मी वैद्य**को असामयिक निधन भएको आज सातौं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेपाल क्रान्तिकारी महिला सङ्घ**

जिल्ला समिति, भक्तपुर

## हार्दिक श्रद्धाञ्जली



**लक्ष्मीमाया कासिछ्वा**

**जन्म** : १९९०/०६/३० **निधन** : २०८१/०१/०८

हाम्रा आदरणीय श्रीभक्त कासिछ्वाकी ममतामयी माता **लक्ष्मीमाया कासिछ्वा**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**ह्यौंमिखा पोल्ट्रि ट्रेडर्स**

चानपा–५, भक्तपुर

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै बिन्ती गरून् झुकेर पदमा यो बिन्ती मान्दैन त्यो ।

## हार्दिक श्रद्धाञ्जली



**लक्ष्मीमाया कासिछ्वा**

**जन्म** : १९९०/०६/३० **निधन** : २०८१/०१/०८

यस क्लवका संरक्षक एवं अध्यक्ष तथा वरिष्ठ समाजसेवी श्रीभक्त कासिछ्वाकी ममतामयी माता **लक्ष्मीमाया कासिछ्वा**को दु:खद निधनले हामी सबै मर्माहत भएका छौं । तसर्थ, आज १३ औं दिनको पुण्यतिथिमा मृतक आत्माको चिरशान्ति र बैकुण्ठवासको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**श्रीभक्त ब्याडमिन्टन क्लव**

दूधपाटी, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा